# प्रभाव दैनिक
National Daily



पत्रिका नआएमा, ठेगाना परिवर्तन भएमा वा अन्य कुनै गुनासो/जिज्ञासा भएमा निम्न माध्यमबाट हामीलाई तत्काल सम्पर्क गर्नुहुन अनुरोध गरिन्छ ।

**प्रभाव पब्लिकेसन प्रा.लि.**
**सिफल-७, काठमाडौं**
०१-४३७३५७७, ९७६१८१५४००,
९८४११५१२१७, ९८४१२४६२६९
marketing2prabhab@gmail.com



वर्ष १२ | अंक २३६ | काठमाडौं | शुक्रबार, ११ पुस २०८२ | Prabhab National Daily | Friday, 26 December 2025 | www.prabhabonline.com | पृष्ठ ८ | मूल्य रू. ५।-


# बालेनको समन्वयमा वैकल्पिक शक्ति एक हुने प्रयास

रास्वपा सभापति रवि लामिछानेलाई सहकारी प्रकरणमा विभिन्न अदालतमा मुद्दा रहेकोले बालेन वा कुलमानमध्ये एकलाई प्रधानमन्त्रीको उम्मेदवारको रूपमा अघि बढाउने रास्वपाको तयारी






■ **प्रभाव संवाददाता**

**काठमाडौं–** काठमाडौं महानगरका मेयर बालेन्द्र साह 'बालेन'को समन्वयमा नयाँ शक्ति एक हुने प्रयास थालिएको छ । नयाँ शक्ति एक बनाएर लैजान बिहीबार दिनभर बालेनले ललितपुरको कुपण्डोलस्थित कुमार बेनको घरलाई मुख्यालय बनाएर छलफल गरे ।

बिहीबार बिहानै ऊर्जामन्त्री कुलमान घिसिङलाई भेटेका बालेनले अरु नेतालाई भेट्न भने कुपण्डोललाई मुकाम बनाएका थिए । कुपण्डोलमा बालेन भेट्न राष्ट्रिय स्वतन्त्र पार्टीका अध्यक्ष रवि लामिछाने पुगेका थिए । उक्त छलफलमा सहभागी हुन हामी नेपालका संस्थापक सुधन गुरुङलगायत जेन-जी नेताहरू पनि पुगेका थिए । दुई नेताबीचको छलफल सकारात्मक भएको लामिछानेले बताएका थिए ।

वार्ता कस्तो भयो भन्ने सञ्चारकर्मीको प्रश्नमा लामिछानेले प्रतिप्रश्न गर्दै भने, 'मेरो अनुहारले के बताउँछ ?' बालेनसँगको भेटमा के कुराकानी भयो भनेर लामिछानेले बताएनन् । त्यसपछि सञ्चारकर्मीले लौरो नै टेक्ने हो कि घन्टी बजाउने हो ? भन्ने प्रश्न सोधेका थिए । जवाफमा लामिछानेले भने 'अलिकति प्रतीक्षा गर्नुस न ।'

यसअघि मंगलबार लामिछाने र बालेनबीच ६ घण्टा भेटवार्ता भएको थियो । उक्त भेटमा दुई जना फागुन २१ गतेको निर्वाचनमा मिलेर जाने विषयमा छलफल भएको थियो । भेटमा लामिछानेले बालेनलाई प्रधानमन्त्रीका उम्मेदवारका रूपमा अगाडि बढाउने विषयमा छलफल भएको थियो । यता उज्यालो नेपाल पार्टीका संरक्षकसमेत रहेका ऊर्जामन्त्री घिसिङलाई पनि रास्वपाले प्रधानमन्त्रीको उम्मेदवारको रूपमा अघि सार्ने तयारी गरेको बताइएको छ ।

अहिले रास्वपा सभापति लामिछानेलाई सहकारी प्रकरणमा विभिन्न अभियोग अदालतमा रहेकोले बालेन वा कुलमानमध्ये एकलाई प्रधानमन्त्रीका उम्मेदवारको रूपमा स्विकार्ने तयारी रास्वपाले गरेको छ । 'सभापतिले निर्वाचनअघि क्लिनचिट पाउने सम्भावना देखिँदैन । त्यसैले बालेन वा कुलमानमध्ये एकलाई प्रधानमन्त्रीका उम्मेदवार बनाउने तयारी हाम्रो छ,' रास्वपाको एक पदाधिकारीले भने ।

बालेनसँग पूर्वप्रधानमन्त्री डा बाबुराम भट्टराईलेसमेत भेटेका छन् । भारत भ्रमणबाट फर्केका बाबुरामले भेटपछि संक्षिप्त प्रतिक्रिया दिँदै वैकल्पिक शक्ति एक भएर जाने विषयमा सकारात्मक छलफल भएको बताए । 'मैले नयाँ र वैकल्पिक शक्ति एक भएर जानुपर्छ भनेर पहिलेदेखि नै भन्दै आएको छु । आज बालेनजीले यसै विषयमा मसँग परामर्श गर्नुभएको हो', भट्टराईले भने, 'यसमा बालेनजी पनि सकारात्मक हुनुहुन्छ ।'

उनले बालेन वैकल्पिक भनिएको शक्तिहरू मिल्नका लागि आग्रह गरेको बताए । 'उहाँलाई मेरो सुझाव छ- तपाईंहरू नयाँ र वैकल्पिक भनिएकाहरू जतिपनि हुनुहुन्छ मिल्नुस् भन्ने रह्यो,' बाबुरामले भने ।

बालेनसँग जेन-जी अगुवाहरूलेसमेत भेटेका थिए । भेटमा कोशी प्रदेश संयोजक उपार्जुन चाम्लिङले मेयर शाहलाई संघीयताप्रतिको धारणा सोधेको सुनाए, 'संघीयताप्रति तपाईंको धारणा के हो ?' मेयर शाहलाई उद्धृत गर्दै चाम्लिङले भने, 'उहाँले आफू संघीयता पक्षधर नै रहेको र संघीयता विरोधी भनेर बजारमा चलेको हल्लाप्रति अनभिज्ञता प्रकट गर्नुभयो ।'

क्रमशः पृष्ठ २ मा

# जेन–जीसँग बयान लिन आयोग अनिच्छुक !

- जाँचबुझ आयोगले जेन-जी विद्रोह पक्षलाई बोलाएन बयानमा
- राज्य पक्षसँगमात्रै आयोगको बयान
- जाँचबुझ आयोगले बयानमा बोलाए जाने जेन-जी अगुवाहरूको भनाइ
- जेन-जी अगुवाहरूलाई अनुसन्धानका लागि बयान लिन नबोलाए छानबिन एकपक्षीय हुने जोखिम



■ **जेबी योञ्जन**

**काठमाडौं–** सत्तापलट गरेको भदौ २३ र २४ को जेन-जी विद्रोह सामान्य घटना थिएन । ७६ जनाको ज्यान जानु, सार्वजनिक र निजी सम्पत्तिमा व्यापक क्षति हुनु स्वयंमा राज्य असफलताको सूचक थियो ।

यस्तो गम्भीर घटनापछि गठन गरिएको जाँचबुझ आयोगले बयानमा कसलाई बोलाउँछ, कसलाई बोलाउँदैन भन्ने कुराले अनुसन्धानको निष्पक्षताको मापन गर्छ ।

यतिबेला आयोगले २३ भदौमा जेन-जी विद्रोहीहरूमाथि भएको बल प्रयोगसँग सम्बन्धित सरकारी पक्षसँग बयान लिइरहेको छ । तत्कालीन प्रधानमन्त्री केपी शर्मा ओली र गृहमन्त्री रमेश लेखकसँग बाँकी छ । लेखकले आगामी सोमबार बयान दिने बताएका छन् । 'घटनाबारे जानकारी लिन मलाई बोलाएको छ र मैले आयोगमा जाने निर्णय गरेको छु, म १४ गते सोमबार जान्छु,' पूर्वगृहमन्त्री लेखकले बिहीबार सञ्चारकर्मीसँग भने । आयोगले बाँकी सरकारी अधिकारीहरूसँग बयान लिइसकेको छ ।

तर, २४ भदौमा भएको विध्वंशसँग सम्बन्धित विद्रोही पक्षका अगुवाहरू अनुसन्धानबाहिर छन् । माइतीघरमा प्रदर्शनका लागि औपचारिक अनुमति लिएका व्यक्ति, आन्दोलनका अगुवा र राजनीतिक रूपमा प्रत्यक्ष जोडिएका पात्रहरू जाँचबुझ आयोगको बयान प्रक्रिया बोलाइएका छैनन् । जबकि राष्ट्रिय मानव अधिकार आयोगले भने उनीहरूलाई बोलाइसकेको छ । तर, आयोगले बयानका लागि नबोलाउँदा कतै अनुसन्धान एकपक्षीय त हुने होइन ? प्रश्न उब्जिएको छ ।

जेन-जी विद्रोहका लागि जिल्ला प्रशासन कार्यालय काठमाडौंसँग अनुमति माग्ने पुरुषोत्तम यादव हुन् । विद्रोह सफल भएपछि विद्रोहको अगुवा दाबी गर्ने सुधन गुरुङ हुन् । विद्रोहीहरूलाई पानीको व्यवस्था गर्ने काठमाडौंका प्रमुख बालेन साह, दुर्गा प्रसाईं, अभियन्ता आसिका तामाङलगायत हुन् । जेन-जी अगुवामध्येका बब्लु गुप्ता खेलकुदमन्त्री छन् । मिराज ढुंगाना, किशोरी कार्की, उपार्जुन चाम्लिङलगायत थुप्रै जेन-जी अगुवा भनिएकाहरू छन् । विद्रोहको अग्रमोर्चामा पूर्वशिक्षामन्त्री सुमना श्रेष्ठसँगै केही कलाकारहरू पनि देखिएका थिए ।

उनीहरू कसैलाई जाँचबुझ आयोगले अहिलेसम्म बयानमा बोलाएको छैन । आयोगका प्रवक्ता विज्ञानराज शर्माले यसबारे बोल्न चाहेनन् । आयोगलाई सरकारले दिएको पाँच कार्यादेशको पहिलो नम्बरमै प्रदर्शनका क्रममा भएका भौतिक र मानवीय क्षतिको छानबिन गर्ने भनेको छ । सर्वाधिक भौतिक क्षति भएको २४ भदौमा हो । त्यस दिन बिहानैदेखि राजनीतिक नेतृत्वहरूका घरमा तोडफोडदेखि आगजनी भए । नेपाल प्रहरी र सशस्त्र प्रहरीका ब्यारेकहरूमा आगजनी भए । दिउँसोदेखि व्यापारिक केन्द्रहरू, संघीय संसद् भवन, सिंहदरबार, सर्वोच्च अदालत, मातहतका अदालतहरू (जहाँ रवि लामिछानेविरुद्ध मुद्दा थिए) देखि राष्ट्रपति भवन शीतल निवासमा आगजनी गरिए ।

यद्यपि, आयोगले भौतिक क्षतिको छानबिन गर्न घटनासँग सम्बन्धित विद्रोही पक्षलाई बयानमा नबोलाउँदा निष्पक्ष अनुसन्धानमा प्रश्न उब्जिने कांग्रेस सहमहामन्त्री भीष्मराज आङ्देम्बेले बताए ।

'जाँचबुझ आयोगले घटनाको सत्यापन बाहिर ल्याउने हो । त्यसका लागि घटनासँग सम्बन्धित सरकारी र विद्रोह दुवै पक्षसँग बयान लिने गर्नुपर्छ', उनले प्रभावसँग भने, 'नभए आयोगको अनुसन्धान एकपक्षीय हुने जोखिम बढ्छ, जो विश्वसनीय हुँदैन ।'

आयोगको दोस्रो कार्यादेश घटना घट्नुका कारणबारे अध्ययन-विश्लेषण गरी प्रतिवेदनसहित सुझाव पेस गर्नुपर्ने भन्ने छ । त्यसका लागि पनि विद्रोही पक्षका अगुवाहरूसँग बयान अनिवार्य देखिन्छ । उनीहरूको बयानबिना सत्यको पूर्ण चित्र कोर्न गाह्रो हुन्छ ।

जेन-जी विद्रोहका लागि काठमाडौं प्रशासनसँग अनुमति माग्ने पुरुषोत्तम यादवले आयोगले बोलाए बयान दिन जाने बताए । तर, मानव अधिकार आयोगले मात्रै बोलाएको उनको भनाइ छ । 'जाँचबुझ आयोगले बोलाए जाने हो बयान दिन तर बोलाएको छैन । मानव अधिकार आयोगले बोलायो र त्यहाँ गएर बयान दिएँ,' उनी भन्छन् ।

क्रमशः पृष्ठ २ मा

**सन्दर्भः वैदेशिक रोजगार**

# साउदीमा घरेलु कामदारको तलब भुक्तानी 'मुसानेद'बाट

- कामदारको तलबमा पारदर्शिता बढाउन, समयमै तलब सुनिश्चित् गर्न र भुक्तानी प्रक्रिया सजिलो बनाउन यो कदम चालिएको जनाइएको छ
- तलब भुक्तानीका लागि मुसानेद प्लेटफर्मको प्रयोग गरिने छ
- मुसानेद साउदीका व्यक्तिगत रोजगारदातालाई घरेलु कामदार भर्तीसम्बन्धी सेवाहरु दिन निर्माण गरिएको वेबसाइट हो




■ **प्रभाव संवाददाता**

**काठमाडौं–** साउदी अरेबियाले घरेलु कामदारको अधिकार सुरक्षित गर्न महत्वपूर्ण कदम चाल्ने भएको छ । जसअनुसार सन् २०२६ जनवरीबाट सबै रोजगारदाताले घरेलु कामदारको तलब आधिकारिक च्यानलमार्फत मात्रै भुक्तानी गर्नुपर्ने छ ।

कामदारको तलबमा पारदर्शिता बढाउन, समयमै तलब सुनिश्चित् गर्न र भुक्तानी प्रक्रिया सजिलो बनाउन यो कदम चालिएको जनाइएको छ । यो नियम विगत दुई वर्षदेखि क्रमिक रूपमा लागू हुँदै आएको भए पनि यसलाई अझ प्रभावकारी बनाइने भनिएको छ ।

साउदीको मानव संशाधन तथा सामाजिक विकास मन्त्रालयले जनवरीबाट सबै घरेलु कामदारको तलब रोजगारदाताले अनुमोदन गरेको विद्युतीय माध्यमबाटै पठाउन निर्देशन दिइसकेको छ । यस पहलले कामदारको तलबसम्बन्धी अधिकार सुरक्षित गर्ने मन्त्रालयले जनाएको छ ।

यसले रोजगारदाता-श्रमिक सम्बन्धमा देखा पर्दै आएको तलब सम्बन्धी विवादजस्ता समस्याको सामना गर्न मद्दत गर्ने छ । घरेलु कामदारले आफ्नो पूर्ण अधिकार पाएका छन् कि छैनन् भन्ने जाँच गर्न पनि यसले सघाउने सरोकारवालाले बताएका छन् ।

विगतमा उचित कागजात वा हस्ताक्षरबिना अनौपचारिक रूपमा तलब भुक्तानी हुँदै आएको थियो । यसो हुँदा कामदारले तलब नपाएको झुटो दाबी गर्न सक्थे भने रोजगार बाहिरका गतिविधिमा समेत संलग्न हुने सम्भावना हुन्थ्यो ।

तलब भुक्तानीका लागि मुसानेद प्लेटफर्मको प्रयोग गरिने छ । मुसानेद,साउदीका व्यक्तिगत रोजगारदातालाई घरेलु कामदार भर्तीसम्बन्धी सेवाहरू दिन निर्माण गरिएको वेबसाइट हो । जसमार्फत यस्ता कामदारको भिसा जारी गर्ने, भर्ती अनुरोधहरू पठाउने, सम्झौता जारी गर्ने, भुक्तानी बुझाउने, भर्ती अनुरोधहरू ट्र्याक गर्ने, मुद्दा उठाउने र ट्र्याक गर्ने लगायतका सेवाहरू लिन सकिन्छ ।

मुसानेदले रोजगारदाता र कामदार दुवैको लागि महत्वपूर्ण फाइदाहरू प्रदान गर्छ । रोजगारदाताले आफूले भुक्तानी गरेको तलबको प्रमाणित गर्न पाउँछन् भने श्रमिकले करार सकिएपछि स्पष्ट रूपमा आफ्नो हिसाबको जानकारी लिन सक्छन् । यसले श्रमिकको यात्रा सम्बन्धी प्रक्रियालाई समेत सरल बनाउने जनाइएको छ । यस प्रणालीले घरेलु कामदारलाई विश्वासनीय च्यानलमार्फत आफ्नो आम्दानी स्वदेश पठाउन समेत सहयोग गर्नेछ ।

क्रमशः पृष्ठ २ मा

# कपुर, रुद्राक्ष, चाँपको बिरुवा रोपेर मनाइयो जन्मदिन





- गृहसचिव रामेश्वर दंगालले सत्कर्मको काम स्वयं आफैबाट थालनी गर्नुपर्ने बताउँदै यस्ता अभियान देशैभर चल्नुपर्ने उल्लेख गरे
- अभियानअन्तर्गत हालसम्म ११ हजार बिरूवा रोपिएको र रौतहटमा यसै अभियानमार्फत 'शुभजन्मोत्सव पार्क' निर्माण गरिएको र अभियान २२ जिल्लासम्म विस्तार भइसकेको जनाएको छ

**काठमाडौं–** बिहीबार समाजसेवी प्रमोद चौधरी जन्मदिनको अवसर पारी काठमाडौंको पशुपति क्षेत्रस्थित भण्डारखाल जंगलमा पुगेका थिए । उनको जन्मदिन मनाउन भण्डारखालमा ठुलै समूह जम्मा भएका थिए ।

जन्मदिन मनाउन जम्मा भएकाहरूको हातमा केक थिएन, बरु चाँपदेखि कपुरका बिरुवा थिए । तराई विकास सञ्चार केन्द्र नेपालको आयोजनामा समाजसेवी चौधरी बिरुवा लिएर उभिँदा खुसी देखिए ।

'जन्मदिनलाई सत्कर्ममा जोडौ अभियान' अन्तर्गत शुरु गरिएको वृक्षरोपण कार्यक्रममा चौधरीले रुद्राक्षको बिरुवा रोपेका थिए । अनि सबैले उनलाई जन्मदिनको शुभकामना दिए । कार्यक्रममा गृह सचिव रामेश्वर दंगाल प्रमुख अतिथिका रूपमा उपस्थित थिए । दंगालले कपुरको बिरुवा रोप्दै अभियानमा एक्यवद्धता जनाए । चौधरीलाई शुभकामना दिँदै उनले भने, 'यो अभियानलाई सरकारको तर्फबाट सहयोग हुनेछ । प्रतिबद्धता हुने र सबैले आ-आफ्नो स्थानबाट सहभागी भई वातावरण संरक्षणमा सहकार्य गरौं ।'

गृहसचिव दंगालले सत्कर्मको काम स्वयं आफैबाट थालनी गर्नुपर्ने बताउँदै यस्ता अभियान देशैभर चल्नुपर्ने उल्लेख गरे । अभियानका राष्ट्रिय संयोजक गोबिन्दप्रसाद चौलागाईंले सहभागी सबैलाई धन्यवाद दिँदै जन्मदिन परेका सत्कर्ममा जोडिएका समाजसेवी चौधरी सहित सबैलाई शुभकामना दिए ।

क्रमशः पृष्ठ २ मा

# कांग्रेस नेता पौडेलद्वारा महामन्त्रीमा उम्मेदवारी दिने घोषणा

**काठमाडौं (प्रस)–** नेपाली कांग्रेस नेता एवं पूर्वमन्त्री प्रदीप पौडेलले पार्टीको १५औं महाधिवेशन महामन्त्री पदमा उम्मेदवारी दिने घोषणा गरेका छन् । सञ्चारकर्मीसँग बिहीबार भेटघाटका क्रममा पौडेलले पार्टीको १४औं महाधिवेशनमा आफूले महामन्त्रीमा प्रतिष्पर्धा गरेको भए पनि सफलता प्राप्त नभएको अवगत गराउँदै १५औं महाधिवेशनमा महामन्त्रीमा नै प्रतिस्पर्धा गर्ने औपचारिक घोषणा गरेका हुन् ।

पार्टीभित्र कुन समूहबाट उम्मेदवारी हुन्छ भन्ने जिज्ञासामा पौडेलको जवाफ थियो, 'महामन्त्रीको उम्मेदवार सभापतिसहितको समूहबाट हुने पार्टीमा अभ्यास छ, अहिले यही समूह भन्ने निश्चित त भइसकेको छैन, तर मुलुकको वतर्मान परिस्थिति र जनताको भावनाअनुसार पार्टीमा नयाँपन दिनसक्ने सक्षम नेतृत्वसहितको समूह हुन्छ ।'

उक्त अवसरमा नेता पौडेलले पार्टीको १५औं महाधिवेशन सम्पन्न गरेर मात्र कांग्रेस नयाँ नेतृत्वका साथ आगामी फागुन २१ गते हुने आमनिर्वाचनमा जानुपर्ने बताए । पौडेलले महाधिवेशनबाट नयाँ नेतृत्व, जेनजी आन्दोलनको भावनाअनुसारको नीति र पार्टीलाई चलायमान बनाई पार्टी निर्वाचनमा होमिनुपर्नेमा जोड दिए । उनले आमनिर्वाचनले नै मुलुकको अहिलेको राजनीतिको दीर्घकालीन समाधान गर्ने बताउँदै निष्पक्ष, स्वतन्त्र र धाँधलीरहित वातावरणमा निर्वाचन सम्पन्न गर्न सरकारले चुस्त सुरक्षाको व्यवस्था र आवश्यक अन्य काम गर्नुपर्ने उल्लेख गरे ।

कांग्रेसले यही पुस २६ देखि २९ गतेसम्म काठमाडौंमा १५औं महाधिवेशन गर्ने निर्णय गरेको छ । तर हाल तोकिएको मितिमा महाधिवशेनको कार्यतालिका प्रभावित भएपछि समयाभावका कारण महाधिवेशनको मिति केही पर धकेलिने निश्चित देखिएको छ । यही प्रसंगमा नेता पौडेलले पार्टीका आठ तहका निर्वाचनमध्ये हाललाई तीन तहका निर्वाचन सम्पन्न गरेर भएपनि १५औं महाधिवेशन सम्पन्न गर्नुपर्ने सुझाव दिएका छन् ।

# ४७ लाख बढीले गरे नारायणहिटी सङ्ग्रहालय अवलोकन

**काठमाडौं–** शाहवंशीय राजतन्त्रको अन्त्यसँगै नारायणहिटी राजदरबार १७ वर्षअघि सङ्ग्रहालयमा परिणत गरियो ।

विसं २०६५ असार १ गते तत्कालीन प्रधानमन्त्री गिरीजाप्रसाद कोइरालाले विधिवत रूपमा नारायणहिटी दरबार सङ्ग्रहालयको रूपमा समुद्घाटन गरे पनि फागुन १५ देखि सर्वसाधारणका लागि खुला गरिएको थियो । स्थापनाको १७ वर्षमा सो सङ्ग्रहालय ४७ लाख ७७ हजार ७०० स्वदेशी तथा विदेशी पर्यटकले अवलोकन गरेका छन् ।

स्थापनादेखि गत मङ्सिर मसान्तसम्म उक्त सङ्ख्याका पर्यटकले सङ्ग्रहालय अवलोकन गरेका हुन् । आर्थिक वर्ष २०८१/८२ मा दुई लाख ६० हजारले नारायणहिटी दरबार सङ्ग्रहालयको अवलोकन गरेकोमा चालू आवको साउनदेखि मङ्सिर मसान्तसम्म ४६ हजार ७०० र अवलोकन गरेको नारायणहिटी दरबार सङ्ग्रहालय तथा गणतन्त्र स्मारक व्यवस्थापन तथा सञ्चालन विकास समितिका सूचना अधिकारी पुरुषोत्तम थापाले जानकारी दिए ।

सरकारले नारायणहिटी सङ्ग्रहालय प्रवेशका लागि विद्यार्थीलाई रु ५०, नेपालीलाई रु २००, सार्क राष्ट्रका नागरिकलाई रु ५०० र विदेशी नागरिकलाई रु एक हजार शुल्क लिँदै आएको छ । उक्त सङ्ग्रहालय प्रत्येक हप्ताको मङ्गलबार, बुधबार बन्द रहँदै आएको छ भने शनिबार र अन्य बिदाको दिनमा भने खुल्ला रहन्छ । *रासस*

## पृष्ठ १ बाट क्रमश:

### जेन-जी...

आयोग गठन भएकै दुई दिने जेन-जी विद्रोहको सत्यापन जाँचबुझ गर्न र संलग्नहरूलाई कारबाही सिफारिस गर्न हो । तर, हालसम्म राज्यपक्षका अधिकारीहरूलाई मात्रै बयानमा बोलाउनु कतै विद्रोहीपक्ष जेन-जीप्रति आयोगको सहानुभूति त प्रकट भएन ? संशय प्रकट भएको छ ।

उसो त आयोगका अध्यक्ष हुनुअघि नै गौरीबहादुर कार्कीले जेन-जी विद्रोहीको पक्ष लिँदै राजनीतिक दलका नेताहरूविरुद्ध लगातार सामाजिक सञ्जाल फेसबुक र ट्वीटरमा स्टाटस लेखेका थिए । पछि उनकै अध्यक्षतामा जाँचबुझ आयोग गठन गर्दा उनको निष्पक्षतामाथि नैतिक प्रश्न उठेको थियो । यस्तो प्रश्न सर्वाधिक गर्ने तत्कालीन प्रधानमन्त्री तथा एमाले अध्यक्ष केपी शर्मा ओली हुन् । हुन पनि स्वतन्त्रता र निष्पक्षता नै न्यायको पहिलो खुड्किलो मानिन्छ । यतिबेला कार्की अध्यक्ष रहेको आयोगले विद्रोही पक्षलाई बयानमा नबोलाउनुले आयोगको निष्पक्षतामाथि दलहरूबाट प्रश्न उठेको हो ।

■■■

### बालेनको...

मेयर बालेनले सबै जेन-जीहरू एक ठाउँमा आउनुपर्ने धारणा राखेका थिए । तर, संघीयता विरोधी जेन-जीहरूसँग एक ठाउँमा उभिन नसक्ने निर्णय आफूहरूले सुनाएको चाम्लिङको भनाई छ । आउँदो फागुन २१ मा हुने निर्वाचनमा सबै वैकल्पिक शक्तिहरू एक ठाउँमा आएर चुनावी मैदानमा जानुपर्ने मेयर शाहको धारणा थियो ।

त्यसैगरी ऊर्जामन्त्री घिसिङले बालेनसँगको भेटमा सबै नयाँ शक्ति एक भएर अगाडि बढ्नुपर्ने विषयमा कुराकानी भएको बताए । 'सबैले नयाँ शक्तिहरू एकताबद्ध हुनुपर्छ भन्नुभएको छ । नयाँ शक्ति र नेतृत्वको टिम अगाडि बढ्नुपर्छ । नेपालको समृद्धि र सुशासनको लागि युवा अगाडि बढ्नुपर्छ,' कुलमानले भने । बालेनसँग नेपाली कांग्रेसका नेता डा सुनील शर्मा, रास्वका पूर्व सांसद शिशिर खनाल, अमरेशकुमार सिंह, खगेन्द्र सुनारलगायतलेसमेत भेटेका थिए ।

उज्यालो नेपाल पार्टी खोलेर औपचारिक राजनीतिमा प्रवेश गरेका घिसिङ र बालेन एक भएर अघि बढ्ने सम्भावना पनि उत्तिकै रहेको बताइन्छ । घिसिङ निकट उज्यालो नेपाल पार्टी निर्वाचन आयोगमा दर्ता भइसकेको छ । यसैगरी बालेनको संरक्षणमा देश विकास पार्टी निर्वाचन आयोगमा दर्ता छ । यसका अध्यक्ष सन्ध्या खनाल छिन् भने चुनाव चिह्न 'लौरो' छ । बालेन लौरो चिह्नबाटै २०७९ को स्थानीय तह निर्वाचनमा काठमाडौंको मेयर निर्वाचित भएका थिए ।

■■■

### साउदीमा...

साउदीको यो निर्णय सन् २०२४को जुलाई १देखि सुरु भएको चरणबद्ध कार्यान्वयनमा आधारित छ । पहिलो चरणमा साउदी अरेबियामा पहिलो पटक आउने घरेलु कामदारमा लागू भएको थियो । जसको उद्देश्य नगद लेनदेन घटाउनु, काम गर्ने परिस्थिति सुधार्नु र तलब प्रक्रिया छिटो गर्नु थियो । दोस्रो चरणमा जनवरी २०२५ मा सुरू भएको जसले चार वा बढी घरेलु कामदार भएका रोजगारदातालाई लक्षित गर्‍यो । त्यसपछि जुलाई २०२५ मा तेस्रो चरण सुरु भएको थियो जसले तीन वा बढी घरेलु कामदार भएका नियुक्तलाई समेट्यो । चौथो चरण, २०२५ अक्टोबर १ देखि लागू भयो जुन दुई वा बढी घरेलु कामदार भएका रोजगारदातामा लागू हुँदै आएको छ ।

हाल साउदीमा घरेलु कामदारबाहेक चार लाख नेपालीहरू रहेको बताइन्छ । नेपालले खाडी मुलुकमा घरेलु कामदार पठाउन प्रतिबन्ध लगाउँदा यस्ता कामदार कति छन् भन्ने यकिन तथ्याङ्क भने छैन । यद्यपि अवैध बाटोबाट लुकिछिपी गएका कामदार भने रहेको बताइन्छ ।

■■■

### कपुर...

कार्यक्रममा गायक थानेश्वर गौतम, नवीन कार्की, गीतकार प्रभा बर्तौला, नेपाल समाचारपत्रका प्रधान सम्पादक सागर पण्डित, प्रभाव दैनिकका प्रबन्ध निर्देशक कृष्ण कार्की, वरिष्ठ समाजसेवी लक्ष्मीनारायण चौधरी, राष्ट्रसेवक, कर्मचारी, सिन्धुपाल्चोक जिल्ला संयोजक नेत्रबहादुर बस्नेतलगायत उपस्थित थिए ।

जन्मोत्सवको कार्यक्रममा सत्कर्ममा जोडिएर एक पीडित विद्यार्थीलाई ३० हजार सहयोग गर्ने र रौतहटका शितलहर पीडितलाई १०० थान कम्बल वितरण गर्न सहयोग गर्ने प्रतिबद्धता व्यक्त गर्ने समाजसेवी लक्ष्मिनारायण चौधरीलाई राष्ट्रिय संयोजक चौलागाईंले धन्यवाद दिए ।

३ वर्षअघि आफ्नो जन्मदिन पारेर संयोजक चौलागाईंले यस अभियान रौतहटको चाँदीखोला सिन्दुरेघारीबाट सुरु गरेका थिए । अभियानअन्तर्गत हालसम्म ११ हजार बिरुवा रोपिएको जनायो । रौतहटमा यसै अभियानमार्फत 'शुभजन्मोत्सव पार्क' समेत निर्माण गरिएको र अभियान २२ जिल्लासम्म विस्तार भइसकेको जनाएको छ । नागरिकका तर्फबाट निर्माण गरिएको उक्त 'शुभ जन्मोत्सव पार्क' मात्रै नभएर अन्य स्थानमा पनि उदाहरणीय भएको उल्लेख गरे ।


**नेपाल सरकार**
**उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्रालय**
**कम्पनी रजिष्ट्रारको कार्यालयको**
**कम्पनीको दर्ता खारेज गरिएको सूचना**

यस कार्यालयमा मिति २०७९/०२/१६ मा दर्ता भएको प्रा.लि.नं. २११३५९ को **लगनशिल मल्टिपरपोज एग्रो प्रइभेट लिमिटेड**नामक कम्पनीले दफा १३६क अनुसार विशेष दर्ता खारेज गरि पाउँ भनि यस कार्यालयमा निवेदन पेश गरेको हुँदा उक्त कम्पनीले कसैसँग ऋण लिएको वा सो कम्पनीले कुनै तिर्नु बुझाउनु पर्ने दायित्व भए प्रमाण सहित हक दावीको लागि ३५ दिनभित्र यस कार्यालयमा दावी गर्न आउनु हुन सम्बन्धित सबैको जानकारीको लागि यो सूचना प्रकाशन गरिएको छ । तोकिएको म्याद भित्र हक दावी गर्न नआएमा उक्त कम्पनीको दर्ता नियमानुसार खारेज गरिनेछ ।

**नेपाल सरकार**
**उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्रालय**
**कम्पनी रजिष्ट्रारको कार्यालयको**
**कम्पनीको दर्ता खारेज गरिएको सूचना**

यस कार्यालयमा मिति २०७८/०५/२० मा दर्ता भएको प्रा.लि.नं. २७०५३१ को **सञ्जिनिती कन्सल्टयान्ट कन्स्ट्रक्सन एण्ड सप्लायर्स प्रइभेट लिमिटेड**नामक कम्पनीले दफा १३६क अनुसार विशेष दर्ता खारेज गरि पाउँ भनि यस कार्यालयमा निवेदन पेश गरेको हुँदा उक्त कम्पनीले कसैसँग ऋण लिएको वा सो कम्पनीले कुनै तिर्नु बुझाउनु पर्ने दायित्व भए प्रमाण सहित हक दावीको लागि ३५ दिनभित्र यस कार्यालयमा दावी गर्न आउनु हुन सम्बन्धित सबैको जानकारीको लागि यो सूचना प्रकाशन गरिएको छ । तोकिएको म्याद भित्र हक दावी गर्न नआएमा उक्त कम्पनीको दर्ता नियमानुसार खारेज गरिनेछ ।

**मोटरसाइकल हराएको सूचना**

मिति २०८२।०९।०३ गते का.जि.का.म.न.पा ३१, शङ्खमुल पुलछेउ 'लिटलदरबार सेकुवा घर' अगाडि पार्किङ गरिराखेको कालो/रातो रङ्गको २२० सिसीको पल्सर मोटरसाइकल रातको अन्दाजी ७:१४ बजेको समयमा हराएको हुँदा पाउनु हुने वा देख्नुहुने महानुभावहरूले नजिकैको प्रहरी कार्यालय वा तलको ठेगानामा सम्पर्क गरिदिनु हुन बिनम्र अनुरोध गर्दछु ।

**धनीको नाम : संजय कुमार यादव**
**बाइक नं. : बा.प्र. ०१-००८ प १७९६**
**च्यासिस नं. : MD2A13EXOSCD84658**
**इन्जिन नं. : DKXCSC29200**
**मोडेल : Pulsar 22C FABS**
**ठेगाना : कठहरिया नगरपालिका, रौतहट**
**सम्पर्क नं. ९८४५१९२२२८**

**कम्पनीको नाम परिवर्तन सम्बन्धी सूचना**

**दोस्रो पटक प्रकाशित मिति : २०८२/०९/११ गते**

यस कम्पनीको मिति २०८२/०८/२५ को साधारणसभा/विशेष साधारणसभाको निर्णय बमोजिम साविक कम्पनी **रोज एकेडेमी बारा प्रा. लि.**को नाममा रहेको सम्पूर्ण चलअचल, सम्पत्ति तथा तिर्नु व्यहोर्नुपर्ने सम्पूर्ण कर दायित्व आदि नाम परिवर्तित कम्पनीले सकार्ने व्यहोर्ने गरी कम्पनी रजिष्ट्रार कार्यालयको मिति २०८२/०८/२६ गतेको निर्णय अनुसार नाम परिवर्तन गरी **सुमैय्या एकेडेमि इङ्गलिस उर्दु बोर्डिङ स्कुल बारा (प्रा.लि.नं. १३१०६१)** कायम गरिएको व्यहोरा सम्बद्ध सबैका लागि जानकारी गराइन्छ ।

**सच्याइएको**

प्रभाव राष्ट्रि दैनिकको वर्ष १२ अंक २२९ पुस ४ गते २०८२ मा प्रकाशित SWIFT H.R. SOLUTION PVT. LTD. कम्पनी नाम SHINNIHON IGYOSHU JIGYO KYODO KUMIAI देश जापानको सूचनामा अन्तरर्वाता मिति २०८२/०९/११ गत (26 Dec. 2025) हुनुपर्नेमा अन्यथा हुन गएकोले सच्याइएको व्यहोरा अनुरोध छ ।

SWIFT H.R. SOLUTION PVT. LTD.
Samakhusi-26, Kathmandu, Nepal, Phone: +977-1-4952852, 4964820
Fax: 4352852, E-mail : swifthr12@gmail.com Website : swifthrsolution.com

**श्री शान्ति सामुदायिक वन उपभोक्ता समूह**
**भीमदत्त नगरपालिका १० तिलकेनी, कञ्चनपुर**
**खयर काठ लिलाम बिक्री सम्बन्धि २१ दिने सूचना**
**प्रथम पटक प्रकाशित मिति २०८२/०९/११**

यस समूहको आ.व. २०८१।०८२ मा संकलन भै घाटगद्दीमा रहेको खयर काठ गोलिया ३६७५ थानको ६२१३.०९ क्युफि. काठ जे जस्तो अवस्थामा छ, सोहि अवस्थामा आफ्नै खर्चमा उठाई लैजाने गरि संकलन खर्च बाहेक न्यूनतम मुल्य सरकारी दर रेटमा बढाबढबाट गोप्य सिलबन्दी टेण्डरद्वारा बिक्रि बितरण गरिने हुँदा नियमानुसार रीत पुगेका ईच्छुक उद्योग व्यवसायी कम्पनीहरूलाई बोलपत्र खरिदका लागि आव्हान गरिएको छ । थप जानकारीका लागि समूहको कार्यालयमा सम्पर्क गर्नु होला ।

**जनकराज जोशी**
**अध्यक्ष, सम्पर्क मो.न. ९८६५७९७९९८**

**साउदीमा रोजगार** कम्पनी : TRANSPORTATION SOLUTIONS COMPANY

पूर्व स्वीकृति मिति : २०८२/०९/०९ LT. No. 335967 चलानी नं. ६०२४९५९३

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव SR | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Trailer truck driver | 10 | 0 | 1800 | ६८,९९५ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

अन्तरवार्ता हुने स्थान: संस्थाको कार्यालय काठमाडौंमा मिति: २०८२ पुस १८ गते (2nd Jan. 2026) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिने | स्वदेशमा गरिने बिमा खर्च कसले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष कसले दिने र कति लाग्ने (एसएसएफ) | कल्याणकारी कोष सम्बन्धि व्यवस्था: | सेवा शुल्क | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैले | हुने / रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु २५९५/- कामदारले तिर्ने | रु. १,५००/- कामदार आफैंले | नि:शुल्क | रु.७००/- कामदार आफैले | रोजगारदाता कम्पनीले |

वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी: १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफू जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा वैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला ।

Broadway Overseas Employment Service Pvt. Ltd.
Govt. License 378/059/060
Gaushala, Pingalasthan, Ktm, Nepal. Tel. : +977 1 4475367/4475368, Mobile: 9851116030, 985-1023153, 9810318569, 9851149772, 9851071774

**मलेसियामा रोजगार** कम्पनी : AURA SECURITY SERVICES SDN BHD

पूर्व स्वीकृति मिति : २०८२/०६/१० पुन विज्ञापन स्वीकृति मिति : २०८२/०९/१० LT. No. 331793 चलानी नं. ६०२४९५९५

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव RM | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Security Guard | 5 | 0 | 1700 | ६०,३८० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छैन | छ | २ वर्ष |

कम्पनी : EAST WEST SECURITY SERVICES SDN BHD

पूर्व स्वीकृति मिति : २०८२/०६/१० पुन विज्ञापन स्वीकृति मिति : २०८२/०९/१० LT. No. 331632 चलानी नं. ६०२४५४११

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव RM | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Security Guards | 3 | 0 | 1700 | ६०,३८० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छैन | छ | २ वर्ष |

अन्तरवार्ता हुने स्थान: संस्थाको कार्यालय काठमाडौंमा मिति: २०८२ पुस १८ गते (2nd Jan. 2026) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिने | स्वदेशमा गरिने बिमा खर्च कसले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष कसले दिने र कति लाग्ने (एसएसएफ) | कल्याणकारी कोष सम्बन्धि व्यवस्था: | सेवा शुल्क | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैले | हुने / रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु २५९५/- कामदारले तिर्ने | रु. १,५००/- कामदार आफैंले | नि:शुल्क | रु.७००/- कामदार आफैले | रोजगारदाता कम्पनीले |

वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी: १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफू जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा वैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला ।

R. A. International Employment Agency Pvt Ltd
श्रम ईजाजत नं. १४०४/०७४/०७५
Basundhara-03 Metropolitan City, Kathmandu, Tel: +977-1-4016740, 4016760,4388035,
E-mail: rainternational81@gmail.com,Website www.rainternational.net

**साउदीमा रोजगार** कम्पनी : AL FAROUQ CONTRACTING COMPANY

पूर्व स्वीकृति मिति : २०८२/०९/०९ LT. No. 336045 चलानी नं. ६०२४१२०७

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव SR | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Load unload Worker | 5 | 0 | 1500 | ५७,४९८ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |
| 2. | Pick Up Driver | 5 | 0 | 1800 | ६८,९९८ | | | | | | | |
| 3. | Skill Worker (Welder) | 2 | 0 | 1800 | ६८,९९८ | | | | | | | |

कम्पनी : SHAKER ADVANCED RESTAURANTS FOR CATERING

पूर्व स्वीकृति मिति : २०८२/०९/०९ LT. No. 336049 चलानी नं. ६०२४९५९२

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव SR | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Kitchen Helper | 2 | 0 | 1000 | ३८,३३२ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

अन्तरवार्ता हुने स्थान: संस्थाको कार्यालय काठमाडौंमा मिति: २०८२ पुस १८ गते (2nd Jan. 2025) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिने | स्वदेशमा गरिने बिमा खर्च कसले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष कसले दिने र कति लाग्ने (एसएसएफ) | कल्याणकारी कोष सम्बन्धि व्यवस्था: | सेवा शुल्क | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैले | हुने / रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु.२५९५/- कामदारले तिर्ने | रु. १,५००/- कामदार आफैंले | नि:शुल्क | रु.७००/- कामदार आफैले | रोजगारदाता कम्पनीले |

वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी: १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफू जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा वैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला ।

G.R. Manpower Service Pvt. Ltd.
श्रम ईजाजत नं. ८६१/०६६/०६७
Samakhushi-26, Tokha Road, Kathmandu, Nepal, Phone: +977-1- 4355695, Mobile No. 9851125758
E-mail: grmanpower861@gmail.com


## आजको राशिफल



**आचार्य श्री स्वामी ध्रुव, माइण्ड मेनेजमेन्ट गुरु**
**इन्टरनेसनल एस्टोलोजिकल फोरम**
**सानेपा, काठमाडौं, नेपाल**
**फोन : ९८४१५९२५५२**
Email: dhruvswamig@gmail.com

**शुक्रबार, ११ पुस, २०८२**

| | |
|---|---|
| **मेष** | चुनौति भएतापनि उपलब्धि प्राप्त हुनेछ । |
| **वृष** | महत्त्वकांक्षाले समस्या निम्तन सक्नेछ । |
| **मिथुन** | कमजोरीले आर्थिक असन्तुलन बन्न सक्छ । |
| **कर्कट** | रोकिएका काम बन्ने, आयस्रोत बढ्नेछ । |
| **सिंह** | अवसर प्राप्त भएपनि मिहिनेत गनुपर्नेछ । |
| **कन्या** | उतारचढावमा समय व्यतित हुनेछ । |
| **तुला** | प्रतिष्ठत व्यत्तिबाट सहयोग । |
| **वृश्चिक** | विषेश काम, रोकिएका काम बन्नेछ । |
| **धनु** | सामान्य फलदायी, परिस्थितिसँग सम्झौता । |
| **मकर** | बाधा–व्यावधान, राकम र श्रम खर्च हुनेछ । |
| **कुम्भ** | उतारचढाव, असहजर परिस्थिति हुनसक्ने । |
| **मीन** | उपलब्धिमूलक, सानो प्रयत्नेल काम बन्ने । |

## प्रहरी तथा एम्बुलेन्स

| | |
|---|---|
| प्रहरी कन्ट्रोल क प्रहरी | १०० |
| जिल्ला प्रहरी (काठमाडौं) | ४२६१९४५/४२६१७९० |
| जिल्ला प्रहरी (ललितपुर) | ५५२१२०७ |
| जिल्ला प्रहरी भक्तपुर) | ६६१४८२१ |
| आकस्मिक प्रहरी सेवा | ४२२६९९९ |
| परोपकार एम्बुलेन्स सेवा | ४२६०८५९ |
| बिशालबजार एम्बुलेन्स सेवा | ४२४४१२१ |
| रेडक्रस एम्बुलेन्स सेवा | ४२२८०९४ |
| ललितपुर रेडक्रस एम्बुलेन्स सेवा | ५५४५६६६ |
| अग्रवाल सेवा केन्द्र | ४४२४८७५ |
| बाल हेल्पलाइन नेपाल | १०९८ |
| वालवालिका खोजतलास समन्वय केन्द्र | १०४/४२२६००६ |

## अस्पताल र विविध

| | |
|---|---|
| दमकल | १०१ |
| रक्तसञ्चार केन्द्र | ४२२५३४४ |
| नेपाल आँखा बैंक | ४४९३६८४ |
| नेपाल आँखा अस्पताल | ४२५०६९१ |
| मध्यपुर अस्पताल, भक्तपुर | ०१-६६३१६५८ |
| तिलगंगा आँखा अस्पताल | ४४९३६८४ |
| वीर अस्पताल | ४२२१९८८ |
| त्रिवि शिक्षण अस्पताल | ४४१२७०७ |
| प्रसूति गृह | ४२५३२७६ |
| टेकु अस्पताल | ४२५३३९६ |
| पाटन अस्पताल | ५५२२२७८ |
| भक्तपुर अस्पताल | ६६१०६७६ |
| मानसिक अस्पताल | ५५२१३३३ |
| कान्ति बाल अस्पताल | ४४१४७९८/४४२७४५२ |
| काठमाडौं मोडेल अस्पताल | ४२४०८०५र६ |
| बी एण्ड बी अस्पताल | ५५३३२०६ |
| मेडिकेयर नेसनल अस्पताल | ४४६७०६७ |
| मेडिकेयर नेसनल अस्पताल (एम्बुलेन्स) | ४४६७०६७ |
| फ्रेन्डस् अफ शान्ता भवन | ४४७०१८१ |
| नेपाल अर्थोपेडिक अस्पताल | ४४९३७२५ |
| काठमाडौं मेडिकल कलेज तथा शिक्षण अस्पताल, सिनामंगल | ४४७६१५२ |
| नेपाल मेडिकल कलेज तथा शिक्षण अस्पताल, जोरपाटी | ४९११००८ |
| कान्तिपुर डेण्टल हस्पिटल, महाराजगञ्ज | ४३७०१३६ |
| कान्तिपुर हस्पिटल, सुविधानगर, तिनकुने | ४१११९५७/८५८ |
| ओम हस्पिटल एण्ड रिसर्च सेन्टर | ४४७६२२५ |
| नर्भिक, थापाथली | ४२५८५५४ |
| सहिद गंगालाल राष्ट्रिय हृदय रोग केन्द्र | ४३७१३२२/४३७१३७४ |
| लाइफ केयर अस्पताल | ४२२७७३५ |
| मितेरी अस्पताल | ६६३१७३६र६६३४०१६ |
| क्यापिटल हस्पिटल (प्रा.) लि. | ४२४४०२२ |
| श्री सत्यसाइ नि:शुल्क एम्बुलेन्सर शववाहन (पूर्व काठमाडौं) | ४४९८०३५ |
| नि:शुल्क होमियो दातब्य चिकित्सालयरशववाहन सेवा | ४२५५५४०/४२५५५४१ |
| (काठमाडौं) भक्तपुर रेडक्रस एम्बुलेन्सररक्तसञ्चार सेवा | ६६१२२६६ |
| नेसनल किड्नी सेन्टर | ४३६३४५२/४३६०८८९ |
| मानसिक अस्पताल | ४४८०१७० |
| ह्याम्स अस्पताल, बुद्धनगर | ४७८४८४०/४७८५१५७ |
| ईशान बाल नर्सिंग होम तथा प्रसूति गृह (प्रा.) लि. | ४३५४५३७/४३८१९६२ |
| गोर्खा अस्पताल र रिसर्च इस्टिच्यूट | ४२५८५५२/४२५८५५१ |
| मनमोहन मेमोरियल अस्पताल, लैनचौर | ४४११६०५/४४२०८२३ |
| भरोसा अस्पताल प्रा.लि., बानेश्वर | ४४७४९६८/४४८९८९१ |

## शववाहन र विविध

| | |
|---|---|
| सामुदायिक मानसिक स्वा.से. केन्द्र, डांछी | ०१ ६९१२१४४ |
| जनमैत्री हस्पिटल, बालाजु | ४३६६३०१-०५ |
| विनायक अस्पताल तथा प्रसति गृह, गोंगबु | ४३८३१५२/४३८०८४८ |
| नेपाल चेम्बर अफ कमर्स | ४२३०२१३ |
| पशुपति आइघाट सेवा कन्द्र | ४४९२९९९ |
| देव कर्नर नि:शुल्क शववाहन सेवा | ४४३४०९३ |
| नेपाल मिटर टचाक्सी संघ | ४२२४३७४ |

## नेपाल राष्ट्र बैंक

११ पुस, २०८२ (२६ डिसेम्बर, २०२५)

| मुद्रा | एकाइ | खरिद दर | विक्री दर |
|---|---|---|---|
| भारतीय रूपैयाँ | १०० को | १६०.०० | १६०.१५ |
| अमेरिकी डलर | १ को | १४३.३६ | १४३.९६ |
| युरो | १ को | १६९.०९ | १६९.७९ |
| पाउन्ड स्टिर्लङ | १ को | १९३.७४ | १९४.५५ |
| स्विस फ्रैन्क | १ को | १८२.२२ | १८२.९८ |
| अस्ट्रेलियन डलर | १ को | ९६.२५ | ९६.६५ |
| क्यानाडियन डलर | १ को | १०४.८५ | १०५.२८ |
| सिङ्गापुर डलर | १ को | १११.६९ | ११२.१६ |
| जापानी येन | १० को | ९.२० | ९.२३ |
| चिनियाँ युआन | १ को | २०.४४ | २०.५२ |
| साउदी अरब रियाल | १ को | ३८.२२ | ३८.३८ |
| कतारी रियाल | १ को | ३९.३३ | ३९.४९ |
| थाई भाट | ख १ को | ४.६२ | ४.६४ |
| संयुक्त अरब इमिरेट दिराम | १ को | ३९.०४ | ३९.२० |
| मलेसियन रिङेट | १ को | ३५.४४ | ३५.५९ |
| दक्षिण कोरियन वन | १०० को | ९.८९ | ९.९३ |
| स्विडिस क्रोनर | १ को | १५.६५ | १५.७१ |
| डेनिस क्रोनर | १ को | २२.६४ | २२.७३ |
| हङकङ डलर | १ को | १८.४४ | १८.५१ |
| कुवेती दिनार | १ को | ४६६.६४ | ४६८.५९ |
| बहराइन दिनार | १ को | ३८०.०६ | ३८१.६५ |

यो विनिमय दरलाई बैंकले आवश्यकता अनुसार जुनसुकै समयमा पनि संशोधन गर्न सक्नेछ । वाणिज्य बैंकहरूले ताक्ने विनिमय दर भने फरक हुन सक्नेछ । अद्याबीधक विनिमय दर बैंकको वेभसाइट www.nrb.org.np मा उपलब्ध हुनेछ ।

# त्रिविको दीक्षान्त समारोह, सोह्र हजार दीक्षित

**काठमाडौं–** त्रिभुवन विश्वविद्यालयको ५१औं दीक्षान्त समारोहमा आज १६ हजार ३०० भन्दा बढी विद्यार्थी दीक्षित भएका छन् । समारोहमा प्रधानमन्त्री एवं विश्वविद्यालयका कुलपति सुशीला कार्कीलगायत शैक्षिक जगत्का अग्रजले उनीहरूलाई दीक्षित भएको घोषणा गरेका हुन् ।

विश्वविद्यालयबाट स्नातक, स्नातकोत्तर, दर्शनाचार्य र विद्यावारिधि तहसमेत गरी ८९ हजार १०१ विद्यार्थी उत्तीर्ण भएका छन् । दशरथ रङ्शालामा जारी समारोहमा विश्वविद्यालयको इतिहासमा पहिलो पटक आज नोबेल पुरस्कार विजेता जापानी प्राध्यापक ताकाआकी काजिता प्रमुख अतिथि थिए । कार्यक्रममा सहकुलपति एवं शिक्षा, विज्ञान तथा प्रविधिमन्त्री महावीर पुनलगायत प्राज्ञको पनि उपस्थिति थिए ।

विश्वविद्यालयका उपकुलपति प्रा दीपक अर्यालले विश्वविद्यालय क्रमिक रूपमा सुधारको बाटोमा अग्रसर भएको बताउँदै दीक्षित विद्यार्थीलाई बधाई दिएका थिए ।



# जनकपुरधाममा ई-रिक्सा व्यवस्थापन लागि अध्ययन समिति गठन

**जनकपुरधाम (प्रस)–** जनकपुरधाम उपमहानगरपालिकाभित्र चल्ने ई-रिक्साको व्यवस्थापान, सञ्चालन तथा दर्ताको विषयमा भइरहेको समस्या समाधानका लागि पाँच सदस्यीय अध्ययन समिति गठन गरिएको छ । बिहीबार जनकपुरधाममा बसेको जिल्लास्थित यातायात व्यवस्था समितिको बैठकले मधेस प्रदेशको सवारी तथा यातायात व्यवस्था ऐनअनुसार १५ दिनभित्र उक्त विषयका सन्दर्भमा अध्ययन गरी सम्बन्धित निकायमा प्रतिवेदन पेस गर्नेगरी अध्ययन समिति गठन गरेको हो । धनुषाका प्रमुख जिल्ला अधिकारी प्रेमप्रसाद लुइँटेलको अध्यक्षतामा जनकपुरधाममा बसेको बैठकले यातायात कार्यालय धनुषाका प्रमुख धनञ्जयकुमार सिंहको नेतृत्वमा पाँच सदस्यीय अध्ययन समिति गठन गरेको छ ।

समितिले बागमती प्रदेशको राजधानी हेटौंडा, कोशी प्रदेशको राजधानी विराटनगर तथा मधेस प्रदेशको राजधानी वीरगञ्ज नगरक्षेत्रमा सञ्चालित ई-रिक्साको व्यवस्थापन, सञ्चालन रुट, अनुमति तथा दर्ताबा विषयमा विस्तृत अध्ययन गरी समस्या समाधानका लागि आवश्यक सुझावसहित प्रतिवेदन तयार गर्ने छ ।

सोही अधययन प्रतिवेदनका आधारमा जनकपुरधाममा ई-रिक्साको व्यवस्थापन प्रक्रिया अगाडि बढाइने यातायात कार्यालयका प्रमुख सिंहले जानकारी दिए । जनकपुरधाम उपमहानगरपालिकाका प्रतिनिधि, जिल्ला ट्राफिक कार्यालयका प्रतिनिधि, ई-रक्सा मजदुर युनियनका प्रतिनिधि र सदस्यसचिवमा यातायात व्यवस्था कार्यालय धनुषाका एक जना अधिकृत रहनेगरी पाँच सदस्यीय समिति गठन भएको जनकपुरधाम उपमहानगरपालिकाका नगरप्रमुख मनोजकुमार साहले जानकारी दिए । बैठकमा नगरप्रमुख साहसहित जिल्ला प्रहरी कार्यालयका प्रहरी प्रमुख, जिल्ला ट्राफिक कार्यालयका प्रहरी प्रमुख, ई-रिक्सा मञ्जदुर युनियनका प्रतिनिधिलगायत सरोकार भएका निकायका प्रतिनिधिको सहभागिता थियो ।

# ‘रिटर्नी’लाई क्षमता र सीपका आधारमा उद्यमशील बनाउँदै रेमी




**महेन्द्रनगर–** स्थानीय तहमा रहेका रोजगार सेवा केन्द्रमार्फत वैदेशिक रोजगारीबाट फर्केका युवालाई सीप र क्षमता विकासका लागि विभिन्न किसिमका तालिम आयोजना गरी उद्यमशील बनाउने पहल थालिएको छ ।

वैदेशिकरोजगारीबाटफर्किएका व्यक्तिहरूको पुनःएकीकरण (रेमी) परियोजनाले स्थानीय तहसँगको समन्वयमा वैदेशिक रोजगारबाट फर्केका व्यक्तिलाई तालिम दिई क्षमता र सीपका आधारमा उद्यमशील बनाउने पहल थालेको हो ।

सङ्घीय सरकारले वैदेशिक रोजगारीबाट फर्केका व्यक्तिलाई समाजमा पुनः एकीकरणको जिम्मेवारी स्थानीय तहलाई दिएसँगै लक्ष्मीनियाँ गाउँपालिकासहित मधेस र कोशी प्रदेशका २० स्थानीय तहका रोजगार सेवा केन्द्रलाई रेमी परियोजनाले सहयोग गर्दै आएको छ । हेल्भेटास नेपालको प्राविधिक सहयोगमा नेपाल र स्विट्जरल्याण्ड सरकारको द्विपक्षीय पहलमा रेमी परियोजना सञ्चालन भइरहेको छ ।

लक्ष्मीनियाँ गाउँपालिकाको रोजगार सेवा केन्द्रले चार वर्ष अघि रेमी परियोजनामार्फत विदेशबाट फर्केका युवाका लागि सीपमूलक तालिम सञ्चालन गरेको थियो । सोही तालिम लिएपछि व्यावसायिक कृषि पेसामा यहाँका युवा सक्रियताका साथ लागेका छन् ।

लक्ष्मीनियाँ-५ का जयकुमार यादव चार वर्षदेखि व्यावसायिक खेतीमा आवद्ध छन् । उनी १४ वर्ष वैदेशिक रोजगारीका विभिन्न मुलुक बसी स्वदेश फर्केपछि व्यावसायिक खेतीमा आवद्ध भएका हुन् । यादवले धान, गहुँ, दाल, मौसमी तथा बेमौसमी तरकारीखेतीबाट वार्षिक रु तीन लाख बचत गर्दै आएका छन् ।

यादवले स्वदेशमा मेहनत गर्न सके मनग्य आम्दानी गर्न सकिने बताउँदै विदेशमा भन्दा स्वदेशमा पनि आम्दानीका स्रोत प्रशस्त बनाउन सकिने धारणा राखे । गाउँपालिकाको रोजगार सेवा केन्द्रले आफूलाई सीप र क्षमता विकासका लागि तालिम दिएपछि व्यावसायिक कृषि पेसामा आवद्ध भएको उनको भनाइ छ । सात दिने र पाँच दिने गरी दुई पटक कृषिसम्बन्धी तालिम लिएर आफू व्यावसायिक तरकारीखेती गर्न लागेको यादवले बताए ।

लक्ष्मीनियाँ-५ का रामललित यादव पनि रोजगारीका लागि १३ वर्ष मुलुकबाहिर बसे । सन् २००३ देखि सन् २०१६ सम्म साउदीअरब बसेर फर्केपछि रामललितले स्वदेशमै केही गर्ने योजना बनाए । ‘सुरुमा परम्परागत खेतीमा लागेको थिएँ । पछि रेमी परियोजनामार्फत पालिकाको रोजगार सेवा केन्द्रले सात दिने र पाँच दिने गरी दुई पटक कृषिसम्बन्धी तालिम दिएपछि व्यावसायिक रूपमा बेमौसमी तरकारीखेतीमा लागेको हुँ’, रामललितले भने ।

लक्ष्मीनियाँ-६ का श्रीदेव यादव पनि विदेशबाट फर्केर रेमी परियोजनामार्फत तालिम लिएपछि व्यावसायिक कृषि पेसामा लाग्नेमध्ये एक हुन् । विदेशको पिडाभन्दा स्वदेशमा थोरै आम्दानी नै सन्तोषपूर्ण रहेको उनको बुझाइ छ । विदेशमा गर्ने मेहनत यहाँ गर्ने हो भने मनग्य आम्दानी गर्न सकिने यादवले बताए ।

गाउँपालिकाकी रोजगार परामर्शकर्ता शारदाकुमारी चौधरीका अनुसार वैदेशिक रोजगारीबाट फर्कने हरेक व्यक्तिले आफूले काम गरेको मुलुकबाट अनुभव, अनुशासन र सम्भावित लगानीका लागि पुँजी लिएर आउने भएकाले तालिममार्फत व्यावसायिक बनाउने पहल थालिएको हो ।

वैदेशिक रोजगारीबाट फर्केका व्यक्तिको पुनः एकीकरण गर्ने रोजगार सेवा केन्द्रलाई सशक्त बनाउँदा युवा पुनः विदेशिने क्रम रोकिनुका साथै परनिर्भरताको चक्रबाट बाहिर निस्कन सक्ने चौधरीले बताइन् । विदेशमा आर्जन गरेको पुँजी, सीप, प्रविधि र अनुभव नेपालमा उद्यमशीलताको विकास तथा सीप प्रवर्द्धनमा उपयोगी हुने भएकाले रेमीमार्फत त्यस्तो वातावरण निर्माणको पहल थालिएको परामर्शकर्ता चौधरीले बताइन् ।

‘परियोजनाअन्तर्गत गाउँपालिकामा विदेशबाट फर्केका व्यक्तिको तथ्याङ्क सङ्कलन गरेर सञ्जाल निर्माण गरिएको छ’, गाउँपालिकाका अध्यक्ष भोगेन्द्र मिश्रले भने, ‘सञ्जाल र समितिमा आवद्ध व्यक्तिले सिकेको सीपका आधारमा उद्यमका लागि सहयोग गरिरहेका छौँ ।’

विदेशमा काम गरेर फर्किएका युवालाई समाजमा आर्थिक र सामाजिक रूपमा पुनः एकीकरण गर्न गाउँपालिकाले बजेट विनियोजन गरेको मिश्रले जनाए । अध्यक्ष मिश्रका अनुसार परियोजना सञ्चालनका लागि गाउँपालिकाले कार्यालय स्थापना गरी आन्तरिक स्रोतबाट सञ्चालन गरिरहेको छ । विदेशबाट फर्केका व्यक्तिको पुनर्स्थापनाका लागि सञ्चालित यस कार्यक्रमलाई आगामी दिनमा पनि निरन्तरता दिने अध्यक्ष मिश्रले प्रतिबद्धता जनाए ।

प्रदेशको श्रम तथा यातायात मन्त्रालयका उपसचिव जयकुमार राउतका अनुसार मधेस प्रदेशका १० वटा स्थानीय तहमा सञ्चालित रेमी परियोजनाले वैदेशिक रोजगारबाट फर्केका व्यक्तिलाई पुनःएकीकरण गरेर उनीहरूलाई क्षमता र सीपको आधारमा उद्यमशील बनाउने पहल थालेको छ ।

लक्ष्मीनियाँ, मुखियपट्टी, मुसहरनिया र जनकनन्दनी गाउँपालिका, क्षीरेश्वरनाथ, सिराहा, मिर्चैया, राजविराज, जलेश्वर र पिपरा नगरपालिका तथा जनकपुरधामउपमहानगरपालिकामा परियोजनामार्फत वैदेशिक रोजगारीबाटफर्किएका व्यक्तिलाई सामाजिक र आर्थिक रूपमा समाजमा पुनः एकीकरण गराउने काम भइरहेको उपसचिव राउतले जानकारी दिए । उनका अनुसार परियोजनाले रोजगारी सिर्जनासँगै हिंसामा परेकालाई पुनर्स्थापना लागि आवश्यक सहयोग गर्दै आएको छ । *रासस*


**कोशी प्रदेश सरकार**

**भौतिक पूर्वाधार विकास मन्त्रालय**

**पूर्वाधार विकास निर्देशनालय**

## पूर्वाधार विकास कार्यालय, उदयपुर

**त्रियुगा, नेपाल**

## बोलपत्र स्वीकृत गर्ने आशयको सूचना

**सूचना प्रकाशन मिति २०८२/०९/११**

यस कार्यालयबाट तपसीलका सडक, भवन निर्माण कार्य सम्बन्धमा मिति २०८२/०८/०२ गते बोलपत्र आव्हान सम्बन्धी सूचना अनूसार निर्माण कार्य गर्नको निम्ति पेश भएका बोलपत्रदाताहरूको मूल्याङकन गर्न गठित मूल्याङकन समितिको सिफारिस अनूसार देहाय बोलपत्रदाताले पेश गरेको बोलपत्र न्यूनतम मूल्याङकित सारभूत रुपमा प्रभावग्राही देखिएको हुंदा सो बोलपत्र स्वीकृत गरिने भएकोले सार्वजनिक खरिद ऐन २०६३ (संशोधित) को दफा २७ (२) को प्रयोजनका लागि प्रकाशित मितिदेखि ७ (सात) दिने सूचना प्रकाशित गरिएको छ । साथै सार्वजनिक खरिद ऐन, २०६३ दफा ४७ को प्रयोजनार्थ सम्वन्धित सवै वोलपत्रदाताहरूलाई समेत यसै सूचनाद्वारा जानकारी गराईन्छ ।

| S.N | Contract ID | Name of Project | Name and Address of Bidder | Bid Price (With VAT & PS) |
|---|---|---|---|---|
| 1 | IDO-UDA-NCB-ROAD-15-2082/83 | Upgrading of Dudapani-Lamichauri-Hospital Road,Chaudandigadhi-07, Udayapur | Sayara and Jenish Construction,Chaudandigadhi-2,Udayapur | NRs.12,19,987.15 |
| 2 | IDO-UDA-NCB-ROAD-16-2082/83 | Upgrading of Khaijanpur -Bargachhi tole Paschim-Lohale khola Road,Triyuga-02, Udayapur | Shiv Om Nirman Sewa,Triyuga-2,Udayapur | NRs.18,48,211.31 |
| 3 | IDO-UDA-NCB-ROAD-17-2082/83 | Upgrading of Parshuram marga Belaka-04, Udayapur | Santanaina Nirman Sewa, belka Municipality 8, Udayapur | NRs.7,53,952.30 |
| 4 | IDO-UDA-NCB-ROAD-18-2082/83 | Upgrading Dumribote L. K. Khoj RCC Dhalan,Road, Belaka-08, Udayapur | Santanaina Nirman Sewa, belka Municipality 8, Udayapur | NRs. 14,91,921.09 |
| 5 | IDO-UDA-NCB-ROAD-19-2082/83 | Upgrading of Infront of Primary Health Centre-Rajabas-Shahi Khola Road,Triyuga-8,Udayapur | Shivasakti Nirman, Triyuga-8,Udayapur | NRs.17,15,681.57 |
| 6 | IDO-UDA-NCB-ROAD-20-2082/83 | Construction of Culvert at Mati Khauwa Khahare Khola, along Jaljale-Mohanpur-Kakni Road Triyuga-6 Udayapur | Royal Shining Star Construction Pvt. Ltd. Udayapurgadhi-8, Udayapur | NRs.17,98,222.14 |
| 7 | IDO-UDA-NCB-ROAD-21-2082/83 | Upgrading of Beldovan-Jate-Sidre Dahar-Rauta Pokhari Road, Triyuga-15 & 16, Udayapur | Aananda Construction Pvt. Ltd. Triyuga-10, Udayapur | NRs.16,09,359.02 |
| 8 | IDO-UDA-NCB-ROAD-22-2082/83 | Upgrading of Sukaura Ward Karyalaya-Phoksingtar Beldovan Road, Triyuga-16, Udayapur | Janjyoti Nirman Sewa Triyuga-11, Udayapur | NRs.14,84,443.00 |
| 9 | IDO-UDA-NCB-ROAD-23-2082/83 | Upgrading of Sombare-Bihibare-Deuli Kuna-Patne-Sisaghari-Bikas Chowk-Siv Temple Road, Udayapur | Jaya Bhawani Yushika Construction Pvt. Ltd. Katari-03, Udayapur | NRs.16,19,166.84 |
| 10 | IDO-UDA-NCB-ROAD-24-2082/83 | Upgrading of Madan Bhandari Rajmarg-Dakshin Triyuga Hospital-Babarani Tol Road,Triyuga-10, Udayapur | P K Nirman Sewa, Rautamai-7, Udayapur | NRs.17,62,030.75 |
| 11 | IDO-UDA-NCB-ROAD-25-2082/83 | Upgrading of Bihibare-Deuli Kuna Road,Katari-7,Risku,Udayapur | U K Construction Pvt. Ltd.,Katari-5,Udayapur | NRs.1,08,18,864.93 |
| 12 | IDO-UDA-NCB-BUILD-26-2082/83 | Construction of Nepal Magar Sangh Hurra Park Bhawan,Katari -03 Udayapur | Shivashakti Nirman Sewa,Udayapurgadhi-2, Udayapur | NRs.10,00,904.38 |
| 13 | IDO-UDA-NCB-BUILD-27-2082/83 | Construction of Chiyabari Community Building,Udayapurgadhi-7, Udayapur | Shivashakti Nirman Sewa,Triyuga-8, Udayapur | NRs.10,63,476.62 |

**Office Chief**

प्रभाव दैनिक
National Daily

सम्पादकीय

## संवैधानिक परीक्षण पछिमात्रै निर्वाचन होस्

**सुशीला कार्की नेतृत्वमा अन्तरिम सरकार गठन र प्रतिनिधिसभा विघटनले नेपालको संवैधानिक अभ्यासलाई गम्भीर मोडमा पुऱ्याएको छ । जेन–जी विद्रोहपछि सत्ता शून्यताको अवस्थामा राष्ट्रपतिद्वारा गरिएको प्रधानमन्त्री नियुक्ति र उनै कार्कीको सिफारिसमा प्रतिनिधिसभा विघटन 'आवश्यकताको सिद्धान्त'मा आधारित थियो भन्ने दाबी गरियो ।**


**तर सोही दाबी यतिबेला सर्वोच्च अदालतमा संवैधानिक परीक्षणको विषय बनेको छ । प्रतिनिधिसभा निर्वाचन नजिकिँदै जाँदा यो विवाद टुंगोमा नपुग्नुले देशलाई थप अन्योलतर्फ धकेल्ने जोखिम बढेको छ । विघटित प्रतिनिधिसभाका दुई मुख्य दल नेपाली कांग्रेस र नेकपा एमालेले कार्की सरकारको गठन र प्रतिनिधिसभा विघटन दुवै असंवैधानिक भन्दै सर्वोच्च अदालतमा कानुनी चुनौती दिएका छन् । यसमा पूर्वन्यायाधीश फोरमको समर्थन थपिएको छ जसले मुद्दाको गम्भीरता झनै बढेको छ ।**

**संविधानले शक्ति सन्तुलन र नियन्त्रणको सिद्धान्तलाई लोकतन्त्रको आधार मानेको छ । कार्यपालिकाले प्रतिनिधिसभा विघटन गरेर जनादेशबाट अलग्गिनु सामान्य विषय होइन । त्यसको संवैधानिकता अस्पष्ट रहँदा निर्वाचन प्रक्रियामै प्रश्न उठ्न सक्छ । यदि निर्वाचनअघि नै सर्वोच्चले स्पष्ट निर्णय दिएन भने निर्वाचनबाट जननिर्वाचित संस्थामाथि नै वैधताको बहस सुरु हुने जोखिम रहन्छ । यस्तो अवस्था लोकतन्त्रका लागि हितकर हुँदैन ।**

**त्यसो हुनाले सर्वोच्चले यसअघि अन्तरिम आदेश दिन अस्वीकार गरे पनि मुद्दा संवैधानिक इजलासमा विचाराधीन छ । अब प्रश्न अदालतको अधिकारभन्दा पनि जिम्मेवारीसँग जोडिएको छ । निर्वाचन मिति आगामी २१ फागुनमा गर्नेगरी तोकिसकेको अवस्थामा संवैधानिक अन्योलतालाई लम्ब्याउनु न्यायिक निकायको संयम मान्न सकिँदैन । बरु संस्थागत ढिलासुस्ती र कमजोरी मान्न सकिन्छ । त्यसो हुनाले संविधानको व्याख्याता सर्वोच्चले शीघ्र प्रतिनिधिसभा विघटन र अन्तरिम सरकार गठनको संवैधानिक परीक्षण गरेर निर्णय दिनु पर्छ । यसले केवल वर्तमान कानुनी विवाद समाधान गर्ने होइन, भविष्यमा यस्ता संवेदनशील निर्णय लिँदा मार्गदर्शन गर्ने नजीरसमेत स्थापित गर्नेछ । सर्वोच्च अदालतको स्पष्ट निर्णयले मात्र लोकतान्त्रिक प्रक्रियामा विश्वास कायम रहन सक्छ ।**

**त्यसो हुँदा मुद्दालाई अग्राधिकार दिएर सर्वोच्चले चाँडो किनारा लगाउनुपर्छ जसरी विगतमा तत्कालीन प्रधानमन्त्री केपी शर्मा ओलीले दुईपटक गरेको प्रतिनिधिसभा विघटनको मुद्दालाई सर्वोच्चले अग्राधिकार दिएको थियो । निरन्तर सुनुवाइ गरेर फैसला सुनाएको थियो । त्यसले राजनीतिक संक्रमण लम्बिन पाएन । सोहीकारण जेन–जी विद्रोहपछिको सत्ता शून्यताको बेला भएको प्रतिनिधिसभा विघटन र अन्तरिम सरकार गठनको संवैधानिक परीक्षण निर्वाचनअघि नै अनिवार्य छ । यसतर्फ सर्वोच्चको तदारुकता बढ्नुपर्छ ।**

# सन् २०२५: अमेरिकी चर्चाको फेरोमा विश्व राजनीति



❑ एकराज पाठक

"दोस्रो कार्यकालका लागि ट्रम्पको चुनावी दौडको साइत तय हुँदै गर्दा गरिएका कतिपय अनुमान भने उनको सत्तारोहणपछि सत्यको नजिक पुग्न सकेनन् । विश्व राजनीतिको एक 'हट सिट' मानिने अमेरिकाको राष्ट्रपतिमा ट्रम्प पुगेपछि उनले सुरु गरेको एक प्रकारले भन्नुपर्दा 'ट्रान्ज्याक्सनल' जस्तो देखिने कूटनीतिले ती अनुमानका विपरीत बल प्रदान गरेको देखिएको हो । यस वर्षको विश्व राजनीतिक परिदृश्यको चर्चाको शिखरमा अमेरिकी राष्ट्रपतिमा ट्रम्पको पुनरागमन त उक्लियो नै, यसका अतिरिक्त युरोप र एसियाका महत्त्वपूर्ण नेतृत्व परिवर्तन, मध्यपूर्वमा जारी द्वन्द्वमा देखिएको सकारात्मक गतिशीलता पनि चर्चामै रहे ।

अघिल्लो वर्षजस्तै यो यस वर्ष सन् २०२५ मा पनि विश्व राजनीतिको चर्चाको केन्द्रमा संयुक्त राज्य अमेरिका नै रह्यो । अघिल्लो वर्ष अमेरिकाको राष्ट्रपतीय चुनावी दौडमा पुनः पूर्वराष्ट्रपति डोनाल्ड ट्रम्प नै सहभागी हुने चर्चाले विश्वको राजनीतिक बजार ओगटेको थियो भने यस वर्ष उनको ह्वाइट हाउस पुनरागमन र 'अमेरिका फर्स्ट' नीतिले ।

दोस्रो कार्यकालका लागि उनको चुनावी दौडको साइत तय हुँदै गर्दा गरिएका कतिपय अनुमान भने उनको सत्तारोहणपछि सत्यको नजिक पुग्न सकेनन् । विश्व राजनीतिको एक 'हट सिट' मानिने अमेरिकाको राष्ट्रपतिमा ट्रम्प पुगेपछि उनले सुरु गरेको एक प्रकारले भन्नुपर्दा 'ट्रान्ज्याक्सनल' जस्तो देखिने कूटनीतिले ती अनुमानका विपरीत बल प्रदान गरेको देखिएको हो ।

यस वर्षको विश्व राजनीतिक परिदृश्यको चर्चाको शिखरमा अमेरिकी राष्ट्रपतिमा ट्रम्पको पुनरागमन त उक्लियो नै, यसका अतिरिक्त युरोप र एसियाका महत्त्वपूर्ण नेतृत्व परिवर्तन, मध्यपूर्वमा जारी द्वन्द्वमा देखिएको सकारात्मक गतिशीलता पनि चर्चामै रहे । अमेरिकी राष्ट्रपति ट्रम्पले देशभित्र र अन्य देशमा गरेको भन्सार तथा करवृद्धिले उनको कार्यकालको सुरुआती समयमा निकै चर्चा बटुल्यो । खासगरी विदेशी सामान आयातमा बढाएको भन्सारले 'ट्रान्ज्याक्सनल डिप्लोमेसी' को प्रवर्द्धन गर्न खोजेको भए पनि कतिपय देशसँगको सम्बन्धका परम्परागत दायरा र विश्वासहरूमा भने धक्का दिन पुग्यो । जसलाई पछि विभिन्न रणनीतिमार्फत विश्वास निर्माणको काम उनले नै गर्नुपऱ्यो ।

यसकारण पनि उनी दोस्रोपटक ह्वाइट हाउसको यात्रा तय गरिरहँदा गरिएका विश्लेषकहरूका पूर्वानुमानहरू तथ्यको नजिक पुग्न नसकेको हो । दोस्रो विश्वयुद्धताका जति धेरै कर बढायो देशमा त्यति नै धेरै राजस्व उठ्छ भन्ने नीति आज मेल नखान पनि सक्छ भन्ने तथ्य स्थापित नै भएको छ । उनले वृद्धि गरेका करका दायराहरूले अमेरिका बाहिरको कूटनीति र भित्रको राजनीतिमा सुरुका दिनमा उथलपुथल त ल्यायो, तर त्यसले अहिलेसम्म पनि अमेरिकालाई सकारात्मक सर्किट लाग्न दिएको छैन ।

उनले आफू केन्द्रित 'अमेरिका फर्स्ट' नीति यसैमार्फत स्थापित गर्ने प्रयत्न भने गरिरहेका छन् । विदेशी सामान आयातमा लगाइएको चर्को भन्सारको अर्थ अमेरिकामै आएर उद्योग खोल, त्यहीँको अर्थतन्त्रको आकार बढाऊ र त्यहीँ रोजगारीका अवसर सिर्जना गरिदेऊ भन्ने पनि हो । उनले अमेरिकाको ४७औं राष्ट्रपतिको शपथसँगै सार्वजनिक गरेका थप रोजगारी सिर्जनाका प्रतिबद्धतामा त्यो नीतिले टेवा पुऱ्याउन सकोस् भन्ने ध्येय भने स्पष्टै देखिन्छ । उनको यो दोस्रो कार्यकालको 'अमेरिका फर्स्ट' नीतिका सहयोगी सारथिमा उल्लेखनीय कर वृद्धिका साथसाथै आप्रवासीहरूको सामूहिक निर्वासन र वातावरणीय नीति नियमहरूको पुनरावलोकन पनि हुन् ।

यो अमेरिकी आर्थिक कूटनीतिको परिधिबाट बाहिरिएर हेर्दा उनको सक्रियताले अघि बढेको इजरायल-हमास युद्धविरामको सन्देश भने विश्व राजनीतिमा सकारात्मक छ । यो युद्धविरामसँगै अघि बढेको योजनाले तत्कालका लागिमात्र नभएर दीर्घकालीनरूपमा नै शान्तिको सास फेर्न पाइने आधारहरू भने तय भएको देखिन्छ । भोलिका दिनमा त्यो कार्ययोजनाको कार्यान्वयन भने इमानदाररूपमा हुनु जरुरी छ ।

करिब दुई वर्ष पुराना बन्धक रिहाइसँगै भएको इजरायल-हमास युद्धविरामले त्यस क्षेत्रमात्र नभएर मध्यपूर्वी द्वन्द्वहरूका मार्गमा पनि उल्लेखनीय परिवर्तन ल्याउन सहयोग पुऱ्याएको भन्न सकिन्छ । यो 'डिल' मा राष्ट्रपति स्वयंको उपस्थितिले पनि विश्वमै चर्चा पायो र यसैले उनलाई विश्वको प्रतिष्ठित नोबेल शान्ति पुरस्कार प्राप्तिसम्मको यात्रासमेत तय गर्न सक्नेसम्मका बहसलाई स्थान दियो । शान्ति पुरस्कारको त्यो चर्चाले दीर्घरोगका रूपमा रहेका अन्यत्रका यस्तै द्वन्द्वका घाउहरूमा पनि सायद उनको अग्रसरताको प्रतीक्षा हुनसक्ने इंगित गरिरहेको कतिपयको विश्लेषण पनि छ ।

उता रुस-युक्रेनबीच विगत लामो समयदेखि जारी युद्ध रोक्न राष्ट्रपति ट्रम्पले अघि सारेको २८ बुँदे 'फ्रेमवर्क' सहितको प्रस्ताव पनि यो वर्षको अर्को चर्चित राजनीतिक घटना हो । यस 'फ्रेमवर्क'मा युक्रेनको सुरक्षाको सुनिश्चितादेखि युक्रेनले जमिन छोड्नुपर्ने, सेनाको संख्यामा कटौती गर्नुपर्ने र नाटो सैन्यलाई युक्रेनमा परिचालन नगर्नेसम्मका योजना समेटिएका छन् ।

युक्रेनी राष्ट्रपति भोलोदिमर जेलेन्स्कीले सुरुआती सहमति जनाएको यो प्रस्तावमाथि अमेरिका र रुसको पूर्णसहमति आएको त छैन, तर ट्रम्प प्रशासनले यो प्रस्तावअनुसार दुवै पक्षले सम्झौता गर्नुपर्ने मत भने राखेको छ । तर युक्रेनले आफ्नो आकार सीमित पार्नुपर्ने विषयमा भने देशभित्र र बाहिर व्यापक चर्चा परिचर्चा भएको छ । यदि यो प्रस्ताव अघि बढेमा भोलि नाटोलाई युक्रेनमा कुनै सैनिक पठाउने अनुमति नहुने र युक्रेनले डोनेस्क क्षेत्र छाड्नुपर्ने विषय अन्यका तुलनामा बढी पेचिलो बनेको छ । यो यस्तो क्षेत्र हो जहाँ ११ वर्षदेखि जारी युद्धका बाबजुद पनि रुसले पूर्णरूपले कब्जा जमाउन सकेको छैन ।

विश्लेषकहरू यो एक प्रकारको शान्ति सम्झौताजस्तै हो भन्छन् । यदि यो कार्यान्वयनमा आएमा युक्रेन भविष्यमा पनि नाटोमा सामेल हुने छैन । उता यसपछि अमेरिकाले रुसमाथि लगाएको प्रतिबन्धहरूलाई पनि चरणबद्धरूपमा हटाउँदै लैजाने छ । साथै, यसबाट पश्चिमा देशमा कब्जा गरिएको रुसी सम्पत्तिबाट १०० अर्ब अमेरिकी डलरबराबरको रकम युक्रेनको पुनर्निर्माणका लागि दिइने व्यवस्था पनि यसमा छ ।

अमेरिकी अधिकारीहरूले दुवै पक्षको सल्लाह लिएर यो योजना तयार पारेको बताए पनि युक्रेनी अधिकारीहरू यसमा सामेल भइसकेका भने छैनन् । राष्ट्रपति ट्रम्पको गाजा युद्धविरामको सफलतापछि रुस-युक्रेन युद्ध समाप्तिको यो खाका तयार पारिएको अमेरिकी अधिकारीहरू नै बताउँछन् । तर यस सम्भावित योजनालाई एकै पटक नभएर चार भागमा बाँडेर कार्यान्वयनमा ल्याइने प्रस्ताव गरिएकाले विस्तारै कार्यान्वयनमा आउन सक्ने सम्भावना अझै मरिसकेको छैन ।

यदि त्यसो भयो भने दशकभन्दा लामो दुई देशको युद्ध र हजारौं मानिसको ज्यान गइसकेको यो हिंसाको अन्त्य हुने छ । अनि यसलाई राष्ट्रपति ट्रम्पको द्वन्द्व समाधानको गाजापछिको अर्को सफल उदाहरणका रूपमा लिन पनि सकिने छ ।

अघिल्लो वर्षको अन्त्यतिर दक्षिण कोरियाका राष्ट्रपति यून सुक यउलले देशमा अकस्मात 'मार्शल ल' घोषणा गरे । त्यो कुनै छलफलमै नआएको उनको अकस्मात निर्णय थियो । त्यसलगत्तै उनका विरुद्धमा दक्षिण कोरियाको संसद्ले महाअभियोग प्रस्ताव ल्यायो र दोस्रोपटकमा त्यो पारित भयो । राष्ट्रपति यून निलम्बित भए । त्यसपछिको उनको राजनीतिक भविष्यको फैसलाका लागि दक्षिण कोरियाको संवैधानिक अदालतलाई संसद्ले जिम्मा लगायो । यो घटनाले यस वर्ष विश्वमा राम्रै चर्चा बटुलेको थियो ।

सन् २०२५ सुरु हुनुभन्दा केही दिनअघि सिरियामा दशकौंदेखि सत्ताको केन्द्रमा रहेका राष्ट्रपति बसर अल असदले देश छोडेर भागेको समाचार पनि यस वर्षको अर्को चर्चित राजनीतिक घटना हो । उनका विरुद्धमा सिरियामा दशकभन्दा लामो समयदेखि आन्दोलन चलेको थियो । पछि त्यो आन्दोलनले गृहयुद्धको रूप लिँदा त्यहाँ लाखौं नागरिकको ज्यान जानुका साथै देश छोडेर भागे । पछिल्लो समय भने विद्रोही समूह र सेनाबीच भिडन्त चलिरहेको थियो । यसैक्रममा विद्रोही लडाकुहरू राजधानी दमास्कस प्रवेश गरेपछि असदले देश छोडेर भाग्नुपरेको थियो ।

राष्ट्रपति असद भागेर रुस पुगेपछि त्यहाँ सुरु भएको राजनीतिक संक्रमणले भने छिट्टै निकास पाएको थियो । यसै वर्ष सिरियामा संसद्को निर्वाचन भयो र प्रजातान्त्रिक तवरबाट सत्ता हस्तान्तरणको काम पनि भएको छ । यसलाई सिरियाली जनताले ऐतिहासिक क्षण भनेका छन् ।

उता आफ्नो नेतृत्वप्रति बढ्दो असन्तुष्टिको सामना गर्दै आएका क्यानाडाका प्रधानमन्त्री जस्टिन ट्रुडोद्वारा राजीनामाको घोषणा र मध्यावधि निर्वाचन पनि यस वर्षको अर्को चर्चित घटना हो । गएको नौ वर्षसम्म सत्ता सम्हालेका ५३ वर्षीय प्रधानमन्त्रीले पछिल्ला दिनमा खाद्यान्न र आवासमा चर्को मूल्यवृद्धि र आप्रवासीसम्बन्धी विविध मुद्दाका कारण उनी क्यानाडेलीबीच निकै अलोकप्रिय हुँदै गएका थिए र यसैकारण राजीनामा दिएका हुन् ।

यता हाम्रा छिमेकी देश बंगलादेश र पाकिस्तानका राजनीतिक घटनाक्रमले पनि यस वर्ष विश्वको ध्यान खिचेको छ । गत महिनामात्र बंगलादेशको एक अदालतले भारत निर्वासनमा रहेकी बंगलादेशकी पूर्वप्रधानमन्त्री शेख हसिनालाई मानवताविरुद्धको अपराधमा मृत्युदण्डको सजाय तोक्यो । देशमा चर्किएको हिंसात्मक आन्दोलनका कारण भागेर त्यहाँ पुगेकी हसिनालाई मृत्युदण्डको सजाय सुनाउँदै सुपुर्दगीका लागि भारतलाई दबाब दियो ।

भारतले भने बंगलादेशमा भएको पछिल्लो फैसलालाई नोटिसमा लिएको जवाफ दिएको छ, अहिलेसम्म हसिनालाई बंगलादेश हस्तान्तरण गर्ने बारेमा केही बताएको छैन । छिमेकमा शान्ति र स्थिरता कायम होस् भन्नेमा नयाँदिल्ली सचेत रहेको प्रतिक्रिया भारतको छ । सुपुर्दगीप्रति भने भारत मौन छ ।

सन् २०२४ को अगस्ट ५ मा उनी देश छोडेर सेनाको हेलिकप्टरमार्फत भारत भागेपछि नोबेल पुरस्कार विजेता प्राध्यापक मोहम्मद युनुस देशको अन्तरिम सरकार प्रमुख छन् । यो राजनीतिक संक्रमणकालीन समयको समन्वय गरी नागरिक सरकार गठनसम्मका लागि बंगलादेशको सेनाले त्यहाँका राष्ट्रपतिसमक्ष समन्वय गरेको थियो । प्रधानमन्त्री हसिनाले अमेरिकाका कारण बंगलादेशमा आन्दोलन भएको र आफू भाग्नुपरेको आरोप लगाएपछि त्यो समाचार पनि विश्वव्यापी बनेको थियो ।

पाकिस्तानका पूर्वप्रधानमन्त्री इमरान खानलाई भ्रष्टाचारको मुद्दामा दोषी ठहर गरी त्यहाँको एक अदालतले १४ वर्ष र खानकी पत्नी बुशरा बिबीलाई सात वर्षको जेल सजाय सुनाएको छ । अल-कादिर ट्रस्ट नामक कल्याणकारी फाउण्डेसनका नाममा उनीहरूले आर्थिक अनियमितता गरेको फैसलामा छ । दुई वर्ष अघिदेखि जेलमै रहेका खानलाई यस वर्षको सुरुआततिर यो सजाय सुनाइएको थियो । तर खान र उनको पार्टीले भने यसलाई राजनीतिक प्रतिशोध भनेको छ । *रासस*

## श्रम सरोकार

### सामाजिक सुरक्षा कोषबाट लिन सकिने लाभ

वैदेशिक रोजगारीमा जाने श्रमिकहरूको जीवन थप सुरक्षित होस् भनेर सामाजिक सुरक्षा कोषमा अनिवार्य आबद्ध हुनुपर्ने प्रावधान लागू गरिएको छ । यसका लागि उनीहरूलाई श्रम स्वीकृति लिँदा नै कोषमा आबद्ध गराइन्छ । बाध्यकारी भएकाले श्रम स्वीकृति लिने सबै कोषमा जोडिन्छन् तर यसका फाइदाहरू थाहा नपाउँदा अधिकांशले कोषमा नियमित रकम जम्मा गर्दैनन् । जसकारण अशक्तता, दुर्घटना, मृत्युजस्ता समस्या आइपर्दा पाउनुपर्ने सुविधाबाट वञ्चित हुनुपर्ने अवस्था छ । श्रम स्वीकृति लिनेबेलामा मात्र नभई विदेशमा रहेकाहरूले पनि कोषमा आबद्ध हुन सक्छन् ।

**के-के छन् फाइदा ?**

योगदान रकमबाट उनीहरूले दुर्घटना तथा अशक्तता सुविधा तथा वृद्धावस्था सुरक्षा योजनामा सहभागी हुन पाउँछन् । यदि यस्ता श्रमिकको मृत्यु भएको अवस्थामा आश्रित परिवारलाई पनि कोषले सुविधा उपलब्ध गराउँछ । योगदान रकमको ७.४८ प्रतिशत रकम दुर्घटना तथा अशक्तता सुरक्षा योजना र आश्रित परिवार सुरक्षा योजनामा जम्मा हुन्छ । त्यस्तै वृद्धावस्था सुरक्षा योजनामा १३.८५ प्रतिशत रकम जम्मा हुने व्यवस्था छ ।

यो सुविधा पाउन घटना घटेको मितिभन्दा अघिको १२ महिनामा कम्तीमा नौ महिनाको योगदान रकम कोषमा जम्मा गरेको हुनुपर्ने प्रावधान छ । त्यस्तै, वृद्धावस्था सुरक्षा सुविधा प्राप्त गर्न भने योगदानकर्ताले वैदेशिक रोजगारी अन्त्य गरी नेपाल फर्किएको हुनुपर्छ । कोषमा हरेक महिना न्यूनतम दुई हजार दुई रूपैयाँ जम्मा गर्नुपर्छ । एकैपटक सात महिना वा सोभन्दा बढीको रकम जम्मा गरे १० प्रतिशतसम्म छुट पाइन्छ । वैदेशिक रोजगारीबाट फर्किंदा पनि कोषमा आबद्ध हुनेले विभिन्न सुविधा पाउने व्यवस्था छ ।

**योगदान रकम कसरी जम्मा गर्ने ?**

रकम जम्मा गर्न कतै जानै पर्दैन । अनलाइन भुक्तानी च्यानल प्रयोगकर्ताहरूले सजिलै जम्मा गर्न सकिन्छ । कनेक्ट आइपिएस, खल्ती, इ-सेवा, फोन पेलगायतका भुक्तानी प्रणालीमार्फत नियमित योगदान गर्न सकिन्छ ।

**नियमित योगदान नगरे के हुन्छ ?**

कोषमा नियमित योगदान नभए पाउनुपर्ने सुविधाबाट वञ्चित भइन्छ । कोषअन्तर्गतका विभिन्न योजनामध्य स्वास्थ्यसम्बन्धी सेवा पाउनका लागि पछिल्लो छ महिनाको रेकर्डमा तीन महिनाको योगदान गरेको भए पुग्छ । तर दुर्घटना, आश्रित परिवार कोषलगायतको सुविधा पाउन प्रत्येक महिना नियमितरूपमा जम्मा गरेको हुनुपर्दछ ।

# क्रिसमसमा गैरक्रिस्चियनको सहभागिता बढ्दो



❑ पदम श्रेष्ठ

क्रिस्चियनहरू समुदायमा डिसेम्बर २५ जिजस क्राइस्टको जन्मोत्सव मनाइन्छ । जिजसको जन्म इ.पु.४ डिसेम्बर २४ मा जेरुसेलमको बेथलेहेम गाउँको तबेलामा भएको थियो । परमेश्वरलाई पितातुल्य मान्ने यस धर्ममा दया, प्रेम, पवित्रता र समानताको पाठ पढ्न सकिन्छ । तर यसबाट धर्मभिरु यहुदी पुजारी र रोमन शासक दुवै तर्सिए । अन्ततः देशद्रोहको अभियोगमा उनलाई क्रुसमा झुन्ड्याई फाँसी दिइयो । यस घटनालाई क्रुसिफिकेसन ३० एडी भनेर स्मरण गरिन्छ । जिजस मारिए तर उनका उपदेश अमर रहे । उनकै उपदेशका आधारमा इसाई धर्मको संस्थापना भयो । यस दिन क्रिस्चियनहरू यशु क्रिस्टको बलिदानी त्याग र पापीहरूको मुक्ति दिवसका रूपमा मनाउँछन् ।

यशु वलिदान पछि पनि दुई सम्प्रदाय देखिए । जसमाः यशु क्रिस्ट पुत्र भएकोले पुत्रभन्दा यशुलाई कुमारी माताको रूपमा जन्मदिने ठूला हुन भनी मरियम मान्नेहरूलाई प्रोटेस्टेण्ट भनिन्छ भने रोमन क्याथोलिकहरू यशु क्रिस्ट परम् प्रभु परमेश्वरबाहेक अरूलाई मान्नुको तुक छैन भन्नेहरू हुन्, जो आफू यहोवाका साक्षी भनेर पनि भन्छन । यशु क्रिस्टको जन्मदिन र इरानीहरूको सूर्य पूजासँग मिल्दो मानिन्छन् । उक्त दिन सूर्य विजयको दिन मानिन्थ्यो ।

युवापुस्तामा क्रिसमसको रमझम

काठमाडौंमा पुस ९ गतेदेखि क्रिसमस र अंग्रेजी नयाँ वर्ष लगभग सँगसँगै सुरु भएको छ । संघीय राजधानीलगायत देशका ठूला सहर, ठूला होटल, बजारहरू मात्र होइन कि स्कुल क्याम्पस लगायतमा क्रिसमसको बेग्लै रौनक छ । क्रिसमस आजकल चर्च र क्रिस्चियनहरूमा मात्र सीमित नभई गैरक्रिस्चियन युवा तथा बालबच्चाहरूमासमेत लोकप्रिय बन्न पुगेको पाइन्छ अर्थात् क्रिस्चियनइतर समुदायमासमेत सबैतिर झिलिमिली बत्तीमा सजिएका 'क्रिसमस ट्री' र 'सान्टा क्लज'को राता लुगाको पहिरनमा अधिकांशले 'हेप्पी क्रिसमस डे' भन्दै शुभकामना साटासाट गरेको देखिन्छ । यसको मतलब दसैं, तिहारजस्ता चाडमा रमाउनेहरू पनि क्रिसमसमा उत्तिकै रमाइरहेका भेटिन्छन् ।

विश्वका सबैभन्दा बढी जनसंख्याले आफ्नो राष्ट्रिय चाड क्रिसमस र नयाँ वर्ष इस्वी सम्वत्लाई नै मान्ने हुँदा पनि यो चाड सर्वव्यापी बन्न पुगेको हो । नेपालमाचाहिँ १० वर्षे जनयुद्ध, १९ दिने जनआन्दोलनपछि स्थापित गणतन्त्र, धर्म निरपेक्षता, समानुपतिक समावेशी अग्राधिकारसहितको संघीयताको अधिकार तय भएपछि कुनै पनि धर्मका चाडपर्वमा रमाइलो गर्न सहभागी हुन बन्देज नगरिएपछि गैरक्रिस्चियनको सहभागितामा व्यापकता आएको हो । क्रिसमस मनाउन अब पहिलेजस्तो कट्टरपना र धर्मको नाममा मानिस-मानिस बीच विभेद कम हुँदै जान थालेको छ भने एउटा कुनै अमुक जाति भाषा, धर्मको विभेद दबाब सहन मानिसहरू तयार छैनन् ।

चाडपर्व मनाउन युवापुस्ताहरू पश्चिमी शैलीको संस्कृतिप्रति आकर्षित हुनु पनि क्रिसमस मनाउने गैरक्रिस्चियन संख्या बढ्दै जानुको अर्को कारण हो । अरूको संस्कृति संस्कारलाई पनि सम्मान गर्नुपर्छ भन्ने चेतना पनि युवा पुस्तामा बढ्दो छ । यशु क्रिस्ट जन्मेको दिन २५ डिसेम्बर उनको सम्झनामा बिहीबारदेखि 'क्रिसमस डे' मनाउँदै छन् । दुई हजार वर्षअघि जेरुसेलमको बेथलेहममा कन्या मारियमको कोखबाट यशुको जन्म भएको थियो । मारियमको विवाह युसुफसँग गर्न लाग्दा स्वर्गदूतले भविष्यवाणी गरी यशुले जन्म लिन लागेको धार्मिक किंवदन्ती छ । सर्वसाधारणलाई अन्याय, अत्याचार, विभेद र पापबाट मुक्ति दिलाउन यशु क्रिस्टले तत्कालीन शासकविरुद्ध आवाज उठाउँदा उनलाई जीवितै हात खुट्टामा फलामको किल्ला ठोकी क्रुसमा झुण्ड्याउँदा पनि ती जल्लादहरूप्रति उनले कहिल्यै नराम्रो भाव राखेनन् । पापीहरूको मुक्तिका लागि आफूलाई देवदूतका रूपमा यस धर्तीमा खटाएको हुँदा मेरो हत्या गर्ने क्रुसमा झुण्ड्याउने जल्लादलाई पनि क्षमा दिनू भनी महान विचार व्यक्त गर्ने यशु क्रिस्टको जन्मदिवस विश्वमा जस्तै नेपालमा पनि विविध धार्मिक तथा सांगीतिक सभा समारोहका साथ मनाइँदै छ ।




**दाउरा वितरण** | डिभिजन वन कार्यालय रौतहट चन्द्रनिगाहपुरले चिसो बढेपछि स्थानीयलाई आगो ताप्नका लागि बिहीबार चोक–चोकमा दाउरा वितरण गर्न गाडीमा राखेर लैजाँदै । *तस्बिर: रासस*

# नवलपरासी पूर्वको 'नमूना सदरमुकाम' निर्माणले गति लिँदै

**त्रिवेणी (नवलपरासी)**– लक्ष्यभन्दा ढिला काम सुरु गरिएको नवलपरासी (बर्दघाट सुस्तापूर्व) नवलपुरको नमूना सदरमुकाम निर्माण योजनाले पछिल्लो समय गति लिएको छ । कावासोती नगरपालिका-३ स्थित १८७ विघा क्षेत्रफलमा नमूना सदरमुकाम निर्माण भइरहेको छ ।

२०७६ वैशाखमा सदरमुकाम निर्माण सुरु गरिए पनि छ वर्षसम्म काम अघि बढ्न सकेको थिएन । गत वर्षदेखि निर्माण सुरु गरिएको जिल्लाकै महत्त्वपूर्ण आयोजनाले हालै गति लिएको हो । निर्माणस्थलका रूख हटाउनेलगायतका विभिन्न प्राविधिक कारण काम अघि बढ्न नसकेको जनाइएका थियो । हाल कामले गति लिएको सघन सहरी तथा भवन निर्माण आयोजना चितवनका इन्जिनियर द्रोण कटुवालले बताए ।

नमूना सदरमुकाम निर्माण दुईवटा ठेक्कामार्फत भइरहेको छ । पहिलो चरणको ठेक्काबाट जिल्ला प्रशासन कार्यालय र अन्य दुई कार्यालय रहनेगरी एकीकृत



भवन निर्माण भइरहेको उनले बताए । चौधरी कन्ट्रक्सनले ३० करोड ६५ लाख छ हजार रूपैयाँ लागतमा काम गरिरहेको छ । २०८३ पुस २१ सम्म निर्माण सम्पन्न गर्ने गरी सम्झौता भएको सो योजनाको पहिलो चरणको भौतिक प्रगति हालसम्म ४० प्रतिशत छ ।

दोस्रो चरणको ठेक्काबाट भ्याटबाहेक तीन अर्ब ६१ करोड रूपैयाँ लागतमा सदरमुकाम निर्माणस्थलमा ११ वटा सरकारी कार्यालय भवन निर्माण भइरहेका छन् । भवनबाहेक सडक, खानेपानी, विद्युत्का संरचनासहित केरुंगे खोला तटबन्धसमेत निर्माण भइरहेको आयोजना कार्यालयले जनाएको छ । दोस्रो चरणको ठेक्का २०८२ वैशाख २९ गते सम्झौता भइ २०८४ कात्तिक २८ गते सम्पन्न गर्ने गरी काम अघि बढेको इन्जिनियर कटुवालले जानकारी दिए ।

समानान्तर-बुद्ध हिमाली जेभीले निर्माण गरिरहेको यस ठेक्काको हाल करिब १५ प्रतिशत भौतिक प्रगति पुगेको छ । दुवै चरणको काम निर्धारण गरिएको अवधिमा सम्पन्न गर्ने गरी काम भइरहेको उनको भनाइ छ । नवलपुरको नमूना सदरमुकाम निर्माणस्थलमा संघ र प्रदेश मातहतका सबै कार्यालय निर्माण गरिने छन् । हाल संघीय कार्यालय निर्माण भइरहेका छन् । प्रदेश मातहतका कार्यालय निर्माण थालिएको छैन । गण्डकी प्रदेश सरकारबाट चालु आर्थिक वर्षमा केही बजेट विनियोजन गरेको जानकारी प्राप्त भएको र प्रदेश सरकार मातहतका कार्यालय निर्माणका लागि बोलपत्र आह्वान हुनसक्ने आयोजना कार्यालयले जनाएको छ ।

नमूना सदरमुकाम निर्माण गुरुयोजनाअनुसार यहाँ संघ र प्रदेश मातहतका सबै कार्यालय, पार्किङ, वाटिका, फुटबल स्टेडियम, क्रिकेट स्टेडियम, कर्मचारीका लागि आवासगृह, अतिथिगृह, सभा हल, पुस्तकालय, खाजा घरलगायतका संरचना निर्माण हुने छन् । प्रारम्भिक गुरुयोजनाअनुसार आयोजनाको कूल लागत १६ अर्ब २५ करोड ५३ लाख ९० हजार रूपैयाँ रहेको छ । *रासस*

# त्रियुगा क्षेत्रका १२ घरमा हात्तीले पुऱ्यायो क्षति

**उदयपुर (प्रस)**– जिल्लाको त्रियुगा नगरपालिका क्षेत्रमा हात्तीले १२ भन्दा बढी घरमा क्षति पुऱ्याएको छ । आइतबारदेखि बुधबार रातिसम्म त्रियुगा-५ बागचौरी, त्रियुगा-६ मोहनपुर र लालपता, त्रियुगा-७ चुहाडेबेलौरी क्षेत्रमा रातिको समयमा हात्ती गाउँमा प्रवेश गरेर १२ भन्दा बढी घरमा क्षति पुऱ्याएको हो ।

सोमबार रातिमात्र करिब ७० जतिको समूहमा आएका हात्तीले नगरका वृहस्पती सदा, विष्णु भुजेल, मोहन कार्की, रुद्र पोखेरेललगायत स्थानीयको घर भत्काएको विष्णु भुजेलले जानकारी दिए ।

मंगलबार राति समूहमा आएका हात्तीले वडा नं ६ मोहनपुरका बिन्दा कार्की, राज कार्कीलगायत स्थानीयको घरमा क्षति पुऱ्याएको स्थानीयले बताएका छन् । वडा नं ६ को लालपता र वडा नं १ को जोगीदह क्षेत्रमा हात्तीले घरमा राखिएको अन्न खानुका साथै घर भत्काएर क्षति पुऱ्याएको स्थानीय देवीलाल चौधरीले बताए ।

रातिको समयमा ७०-७५ जतिको समूहमा हात्ती आउने, गाउँमा प्रवेश गरी अन्न खाने, घर भत्काउनेलगायत उपद्रो गर्न थालेपछि सुरक्षाका लागि स्थानीय राति आगो तापेर बस्न थालेका त्रियुगा-६ मोहनपुरका कृष्ण कार्कीले बताए । 'कतिपय स्थानीयको घर पूर्णरूपमा क्षति भएका छन् घने कतिपयका आंशिक क्षति भएका र भत्किएका छन्,' उनले भने ।

हात्ती गाउँमा प्रवेश गरेर उपद्रो गर्न थालेपछि जिल्ला प्रहरी कार्यालयले रातिको समयमा सावधानी अपनाउन, सुरक्षित स्थानमा समूह बनाएर बस्न स्थानीयलाई आग्रह गरेको छ । प्रहरीले 'माइकिङ' गरी स्थानीयलाई सचेत भई आवश्यक सावधानी अपनाउन आग्रह गरिरहेको जिल्ला प्रहरी कार्यालयका प्रमुख राजन चापागाईंले बताए ।

'हात्तीलाई तर्साएर भगाउन मात्र सकिने भएकाले समूहमा बसेर हात्ती भगाउन आग्रह गरिरहेका छौं । प्रहरीले पनि स्थानीयसँगको समन्वयमा गाउँमा हात्ती प्रवेश गर्न नदिन रातिको समयमा गस्ती गर्ने योजना बनाएको छ,' उनले भने ।


**सुनवर्षी नगरपालिका**
**नगर कार्यपालिकाको कार्यालय**
**डाईनिया, मोरङ्ग**
**कोशी प्रदेश**

**बोलपत्र स्वीकृत गर्ने आशयको सूचना**

**प्रकाशित मिति: २०८२/१०/११**

यस कार्यालयद्वारा मिति २०८२/०७/२७ गते राष्ट्रिय दैनिक पत्रिकामा प्रकाशित सूचना बमोजिम प्राप्त हुन आएको तपशिलमा उल्लेखित न्युनतम् मुल्यांकित सारभुतरुपमा प्रभावग्राही बोलपत्र सार्वजनिक खरिद ऐन २०६३ को दफा २७ उपदफा (२) को प्रयोजनार्थ स्विकृतिको आशयको लागि सम्बन्धित सबै बोलपत्रदाताहरुको जानकारिको लागि यो सूचना प्रकाशित गरिएको छ ।

| क्र.स. | ठेक्का नं. | बोलपत्रदाताको नाम/ठेगाना | कामको विवरण | कबोल गरेको रकम (मू.अ.कर र पि.एस. बाहेक) |
|---|---|---|---|---|
| १ | SUNMUN/ 082/83-01 | श्री दधिना कन्स्ट्रक्सन प्रा.लि.,सुनवर्षी-०२, मोरङ | Construction of Dainiya Paschim dekhi chandankhandi jane sadak kalopatre | ९०,३८,०६२.००/- |

**प्रमुख प्रशासकीय अधिकृत**


# ज्याला उठाउनै मुस्किल भएपछि गलैँचा बुन्न छाड्दै महिला

**मलेखु (धादिङ)**– यहाँको नीलकण्ठ नगरपालिका-८, ज्यामिरेकी देवकी श्रेष्ठले एक वर्षअघि तीन महिनाको तालिम लिएर गलैँचा बुन्न थालेकी थिइन् । घरमै गलैँचाको तान (ठग्टी) हालेर गलैँचा बुन्दै आएकी उनले हालै सो काम छाडेकी छन् ।

सुरुमा सोचेजस्तो आम्दानी नभएपछि उनले काम छाडेकी हुन् । उनले भनिन्, 'राम्रै आम्दानी हुन्छ कि भनेर तालिम लिएरै गलैँचा बुन्न थालियो । एउटा गलैँचा बुन्न तीन साता लाग्छ तर बुनेको ज्याला पाँचदेखि सात हजार पाइन्छ ।'

सुरुमा सिक्दा नजानेर ढिलो भएको होला भन्ने लागे पनि पछिसम्म जति बुन्दा पनि मिहेनतअनुसार आम्दानी नभएपछि काम छाडेको देवकी बताउँछिन् । देवकीलेझैँ उनका धेरै गाउँले महिलाहरूले गलैँचा बुन्ने काम क्रमशः छाड्न थालेका छन् ।



महिलाहरूले गलैँचा बुन्न चासो देखाएपछि वडा कार्यालयले प्रशिक्षक राखेर तालिम दिएको थियो । उनीहरूलाई वडाले तान पनि उपलब्ध गराएको थियो । मिहेनतअनुसार आम्दानी नभएपछि महिलाहरूले वडा कार्यालयलाई तान फिर्ता गर्न थालेका छन् । आफूले तयार पारेको एउटै गलैँचा विदेशमा २० देखि २५ हजार रूपैयाँमा बिक्री हुन्छ भन्ने उनीहरूले सुनेका छन् । तर बुनेको ज्याला सोचेभन्दा निकै कम पाएको नीलकण्ठ नगरपालिका-८, रामकोटकी लक्ष्मी श्रेष्ठले बताइन् ।

गलैँचाका लागि आवश्यक कच्चापदार्थ कहाँबाट आउँछ, बुनेका गलैँचा कहाँ लगेर बिक्री गर्ने भन्नेबारे श्रमिकहरूलाई थाहा हुँदैन । गाउँमा गलैँचा उत्पादक कम्पनीका प्रतिनिधि जान्छन् । आवश्यक धागो, कैँची, तान र गलैँचाको नक्सासमेत घरमै पुऱ्याइदिन्छन् । ज्याला पनि उनै प्रतिनिधिले तोकि दिन्छन् । श्रेष्ठले भनिन्, 'कम्पनीको मान्छेले सबै सामान ल्याइदिन्छ, हाम्रो लगानी पर्दैन । तर पनि हाम्रो दैनिक ज्याला उठ्दैन ।'

विभिन्न ठाउँमा प्रशिक्षकको रूपमा काम गर्दै आएका लालबहादुर श्रेष्ठले घरमा बसेर गर्न मिल्ने भएकाले ज्याला थोरै दिने गरेको बताए । कम्पनीले कति रूपैयाँ दिन्छ भन्नेबारे आफूलाई थाहै नहुने बताए ।

मोटो वा मसिनो धागो र चित्रअनुसार ज्याला फरक छ । मोटो धागोको बुन्न छिटो हुन्छ, पैसा कम दिन्छ । मसिनो धागोको बुन्न गाह्रो र ढिलो हुन्छ पैसा धेरै आउँछ । लामो समयदेखि गलैँचा बुन्न सिकाउँदै आएका लालबहादुरका अनुसार मोटो धागोले बुन्न १८ देखि २० दिन लाग्छ भने मसिनो धागोले एउटा गलैँचा तयार गर्न एक जनालाई ४० देखि ४५ दिन लाग्छ ।

मोटो धागोबाट तयार पारेको बुट्टाअनुसार पाँचदेखि सात हजार र मसिनो धागोबाट तयार पारेको १७ देखि १८ हजार ज्याला दिन्छ । एक वर्षअघि वडा कार्यालयले दिएको तालिममा २० जनाले गलैँचा बुन्न सिकेका थिए । १८ जनाले तान घरमै लगेर बुन्न थालेका थिए । तर हाल सो संख्या घटेर पाँचजनामा झरेका छन् ।

गलैँचा कम्पनीका प्रतिनिधि बुद्धसिंह तामाङकाअनुसार कच्चापदार्थ विदेशबाट आयात गर्नुपर्छ र गलैँचा तयार गरिसकेपछि फेरि विदेशमै निर्यात गरिन्छ । महिलाले बुनेका ९० सेन्टिमिटर चौडाइ र १९० सेन्टिमिटर लम्बाइको गलैँचाको बजार मूल्य बुट्टाअनुसार १५ देखि २५ हजार रूपैयाँ पर्छ । ढुवानी, प्रशोधन गरी बिक्रीका लागि तयार गर्दा खर्च धेरै हुने भएकोले श्रमिकलाई पाँचदेखि सात हजार रूपैयाँभन्दा बढी ज्याला दिन नसकिने उनको भनाइ छ ।

कमजोर अध्ययनको भरमा कार्यक्रम गर्दा यस्ता अवस्था आउने घरेलु तथा साना उद्योग कार्यालय धादिङका प्रमुख चुडामणि पुरीले बताए । स्थानीय तहले हचुवाको भरमा बजेट हाल्ने र पहुँचको आधारमा बजेट लगानी गर्दा पनि समस्या भएको पुरीको भनाइ छ ।

नीलकण्ठ नगरपालिका-८ का वडाध्यक्ष प्रकाशकुमार श्रेष्ठले स्थानीय महिलाको मागअनुसार तालिम सञ्चालन गरेको बताए । धादिङको नीलकण्ठ, नेत्रावती, गंगाजमुना, सल्यानटार, महादेवबेँसीलगायतका स्थानमा गलैँचा बुन्ने श्रमिकहरू छन् । जिल्लाभर ४०० को हाराहारीमा गलैँचा बुन्ने श्रमिक छन् । *रासस*


**Likhu Rural Municipality**
**Office of the Rural Municipal Executive**
**Yasam, Okhaldhunga**
**Koshi Province, Nepal**

**Invitation for Bids**

**Date of Publication: 2025-12-26 (2082-09-11)**

1. Likhu Rural Municipality invites electronic bids only from Nepalese eligible bidders for the **following works** under National Competitive Bidding procedures.

| S. N. | Contract No | Name of Work | Estimated Amount including of VAT, PS and Contingencies | Bid Document Fee | Bid Security Amount |
|---|---|---|---|---|---|
| 1 | LRM/NCB/ GOODS/ 2082/83-10 | Supply, Delivery, Installation and Commissioning of Hospital Equipment at Likhu Rural Municipality, Yasam, Okhaldhunga | NRs. 95,79,074.98 | NRs 3,000.00 | NRs. 2,40,000.00 |

2. 5;Eligible Bidders may obtain further information at the office of Likhu Rural Municipality, Yasam Okhaldhunga, or may visit PPMO website www.bolpatra.gov.np./egp.
3. Bidder has to submit their bid electronically & download the bidding documents for e-submission from PPMO's website www.bolpatra.gov.np./egp,. Bidders, submitting their bid electronically, should deposit the cost of bidding document in the Project's account as specified above and the scanned copy (pdf format) of the Bank deposit voucher should be uploaded by the bidder at the time of electronic submission of the bids.

**Information to deposit the cost of bidding document and Bid Security Amount in Bank:**

**Name of the Bank**: Nepal SBI Bank

**Name of Office:** Likhu Rural Municipality, Office of Rural Municipal Executive

**GA 1.1 AANTARIK RAJASWA KHATA A/C No.:** 41595241207004 (For purchasing fee of bid doc.)

**LIKHU RMU GA 3.1 STHANIYA TAHA DHARAUTI KHATA A/C No:** 41525240600004 (For bid security)

4. Pre-bid meeting shall be held at Likhu Rural Municipality, Okhaldhunga Koshi Province, Nepal at **12:00 Hrs. on 2026-01-16. (2082-10-02)**
5. Electronic bids must be submitted electronically through PPMO website www.bolpatra.gov.np/egp on or before **12:00 Hrs. on 2026-01-26. (2082-10-12)** Bids received after this deadline will be rejected.
6. The bids will be opened in the presence of Bidders' representatives who choose to attend at **13:00 Hrs. on 2026-01-26 (2082-10-12)** at the office of Likhu Rural Municipality, Yasam, Okhaldhunga. Bids must be valid for a period 90 days after bid opening and must be accompanied by a bid security or scanned copy of the bid security in .pdf format amounting to a minimum as specified in table above which shall be valid for 30 days beyond the validity period of the bid.
7. If the last date of submission falls on a government holiday, then the next working day shall be considered as the last date. In such case the validity period of the bid security shall remain the same as specified for the original last date of bid submission.

**Chief Administrative Officer**


# प्रभाव दैनिक





## प्रदर्शनमा 'मुग्लान'

नयाँ फिल्म 'मुगलान' प्रदर्शनमा आएको छ । नेपालमा नयाँ फिल्म रिलिज शुक्रबार गर्ने परम्परा भए पनि चाडपर्व तथा विशेष समय जुनै अन्य बार पनि रिलिज हुने गर्छ । 'मुगलान' क्रिसमसको अवसर पारेर प्रदर्शनमा आएको हो । धन कमाउने र सुखी जीवन बिताउने चाहनामा भारत पन्ने कथामा निर्माण भएको फिल्म आशिष ढकालको लेखनले निर्देशन गरेका हुन् । निर्देशक ढकालका अनुसार 'मुगलान' ले युवाहरूको परदेश सपना, गाउँघरको प्रेम र सङ्घर्षको कथा समेत भनेको छ । फिल्ममा प्रभात पाल, स्मारिका ढकाल, श्री शिवांशु, दिनेश डीसी, मोती सुवेदी, रामचन्द्र अधिकारी, खबपु, राजुराज सोनी, रश्मी भट्ट, जीवन गौतम र सबिन बास्तोला लगायतको अभिनय छ ।



शुक्रबार, ११ पुस २०८२ (Friday, 26 December 2025)

# 'परिवर्तन'को 'पाकेको चिउरी'मा सुशील र अञ्जनाको छमछमी



■ प्रभाव संवाददाता

**काठमाडौं** – आगामी माघ ९ गतेबाट रिलिज हुने फिल्म 'परिवर्तन'मा समावेश गीत 'पाकेको चिउरी'को भिडियो रिलिज भएको छ । निर्माण टिमले क्रिसमसको अवसर पारेर गीतको भिडियो रिलिज गरेको हो ।

ओएसएआर डिजिटल युटुब च्यानलमार्फत रिलिज भएको उक्त गीतको भिडियोमा फिल्मका मुख्य कलाकार सुशील श्रेष्ठ र अञ्जना बराईली छमछमी नाचेका छन् । दुवैको केमेस्ट्री मिलेको देखिन्छ । लोकलयमा आधारित यस गीतको भिडियोमा लभस्टोरी बुनिएको छ ।

निर्देशक विजय केरुङले फिल्मको गीतलाई दर्शकले मन पराउने बताए । उनले भने,'फिल्मको कथा अनुसार कै गीतलाई रोजेका छौँ । गाउँघरको टिपिटकल शब्दलाईलाई गीतमा बुनिएको हुनाले दर्शकलाई छुन्छ होला ।'

यस गीतको भिडियोमा उनीहरूलाई नृत्य निर्देशक रामजी लामिछानेले नचाएका हुन् । भने शिव ढकालले खिचेका छन् । एसडी योगी र रेश्मा पुनको आवाजमा रहेको यस गीतमा संगीत गायक योगी कै रहेको छ । गीतको शब्द रचना भने मौसम अर्यालले लेखेका हुन् । दिब्यासी फिल्म्सको ब्यानरमा निर्माण भएको यो फिल्ममा अभिनेता सुशील श्रेष्ठ,अभिनेत्री अञ्जना बराईलीका अलवा सरोज खनाल,करिश्मा मानन्धर, बुद्धि तामाङ, हेमन्त बुढाथोकी,सुवास मेचेको मुख्य भुमिका रहेको छ ।

एक्सन-सस्पेन्स विधामा निर्माण गरिएको यस फिल्मलाई विजय केरूङले निर्देशन गरेका छन् । दीपक सिवाकोटीको कथा तथा निर्माण रहेको फिल्मको पटकथा तथा संवाद शिवम् अधिकारीले लेखेका हुन् । बन्दे प्रसादको सम्पादन,रामजी लामिछानेको कोरियोग्राफी,एसडी योगीको संगीत रहने यो फिल्ममा द्वन्द्व निर्देशन श्री श्रेष्ठको छ । यसअघिको फिल्मको टिजर तथा पोस्टरले दर्शकमाझ कौतुहलता बढाइसकेको यो फिल्मलाई वितरणको जिम्मा आर आर फिल्मस्ले लिएको छ ।

# रश्मिलाज फेसियल हाउसको चौथो आउटलेट हात्तिगौंडामा

■ प्रभाव संवाददाता

**काठमाडौं**– रश्मिलाज फेसियल हाउसले आफ्नो चौथो आउटलेटको रूपमा काठमाडौंको हात्तिगौंडा, बुढानीलकण्ठमा नयाँ 'रश्मिलाज फेसियल हाउस' आरम्भ गरेको छ । रश्मिलाज फेसियल हाउसको १८ औं वार्षिक उत्सवको अवसरमा बिहीबारबाट यो आउटलेटको सुरु गरिएको छ ।

चलचित्र विकास बोर्डका अध्यक्ष दिनेश डिसी, अभिनेत्री एवम् निर्देशक दिपाश्री निरौला र अभिनेत्री बेनिशा हमालले हात्तिगौंडामा सञ्चालनमा आएको रश्मिलाज फेसियल हाउसको चौथो आउटलेटको बिहीबार रिवन काटेर उद्घाटन गरे ।

दुई दशकभन्दा लामो समय अमेरिका बसेकी समी रेग्मी अधिकारीको पार्टनसिपमा रश्मिलाज फेसियल हाउसकी अध्यक्ष रश्मिला श्रेष्ठ र प्रबन्ध निर्देशक प्रकाश कुमार श्रेष्ठले यो शाखा सञ्चालनमा ल्याएका हुन् ।

उद्घाटन कार्यक्रमलाई सम्बोधन गर्दै रश्मिलाज फेसियल हाउसकी अध्यक्ष एवम् अग्रज ब्युटिसियन रश्मीला श्रेष्ठले १८ वर्ष अघि क्रिसमसकै दिन काठमाडौंको सुन्धारास्थित काठमाडौं मलबाट 'रश्मिलाज फेसियल हाउस' सुरु गरिएको बताइन् । काठमाडौं मलपछि गोँगबुको बिजी मल, बालाजु बसपार्कको बुद्ध मलमा यस अघि सञ्चालन गरिएको रश्मिलाज फेसियल हाउसलाई बिहीबारबाट हात्तिगौंडामा पनि सञ्चालनमा ल्याएको रश्मिलाले बताइन् । अब चाँडै यसको अरु शाखा काठमाडौं बाहिर र विदेशमा पनि सञ्चालनमा ल्याउने तयारी भइरहेको पनि उनले जानकारी गराइन् ।



बोर्ड अध्यक्ष दिनेश डिसीले अन्तर ाष्ट्रिय गुणस्तरको सेवा दिने रश्मिलाज फेसियल हाउसबाट आफूले लामो समयदेखि सेवा लिएको बताउँदै नयाँ शाखाको सफलताको कामना गरे । चलचित्र अभिनेत्री बेनिशा हमालले पनि काठमाडौं मलमा आफूले सेवा लिएको रश्मिलाज फेसियल हाउसको चौथो शाखा उद्घाटन गर्न पाउँदा खुसी लागेको बताइन् । अर्की अभिनेत्री एवम् निर्देशक दीपाश्री निरौलले पनि रश्मिला, प्रकाश र समीलाई नया शाखाको सफलताको शुभकामना दिँदै अन्तर्राष्ट्रिय स्तरको सेवा भएकै कारण आफू रश्मिलाज फेसियल हाउसबाट लामो समयदेखि आफूले सौन्दर्य सम्बन्धी सेवा लिँदै आएको बताइन् ।

नेपालमै केही गर्न सकिन्छ भनेर अमेरिकाबाट नेपाल आएर रश्मिलाज फेसियल हाउस, हात्तिगौडा आउटलेडको आफूले शाखा बिस्तार गरेको कार्यक्रममा समी रेग्मी अधिकारीले बताइन् । १८ औं वार्षिक उत्सवको अवसरमा कार्यक्रममा रश्मिलाज फेसियल हाउसका अघिल्ला तिन वटै शाखाका कर्मचारी, ब्युटिसियन, हेयर स्टाईलिस्ट तथा मेकअप आर्टिस्टहरूलाई कार्यक्रममा पुरस्कृत गरियो ।



# राष्ट्रिय महिला भलिबल प्रतियोगिता यही पुस २३ देखि




■ प्रभाव संवाददाता

**काठमाडौं**– शेरबहादुर खड्का स्मृति प्रतिष्ठानको आयोजनामा नवौं संस्करणको राष्ट्रिय महिला भलिबल प्रतियोगिता हुने भएको छ ।

यही पुस २३ देखि २६ गतेसम्म त्रिपुरेश्वरस्थित राष्ट्रिय खेलकुद परिषद्को कभर्डहलमा सञ्चालन हुने उक्त प्रतियोगितामा विभिन्न पाँच टोलीले सहभागिता जनाउने आयोजकले जनाएको छ । यहाँ आयोजित पत्रकार सम्मेलनमा आयोजक समितिका अध्यक्ष रञ्जन खड्काले प्रतियोगितामा साविक विजेता नेपाल पुलिस क्लब, सशस्त्र प्रहरी बलको एपीएफ क्लब, न्यु डायमन्ड युथ स्पोर्टस क्लब, त्रिभुवन आर्मी क्लब र एभरेष्ट भलिबल क्लब सहभागी हुने जानकारी दिए ।

नेपाल भलिबल संघको प्राविधिक सहयोगमा सञ्चालन हुने उक्त प्रतियोगिताका सहभागी टोलीलाई दुई समूहमा विभाजन गरी लिगकम नकआउटका आधारमा खेल सञ्चालन गरिने आयोजकले जनाएको छ ।

प्रतियोगिताका विजेता टोलीलाई रु पाँच लाख प्रदान गरिनेछ । त्यसैगरी उपविजेता टोलीले रु दुई लाख ५० हजार प्राप्त गर्नेछ भने तेस्रो हुनेले रु एक लाख २५ हजार प्रदान गरिने आयोजकले जनाएको छ ।

प्रतियोगिताको सर्वोत्कृष्ट घोषित हुने खेलाडीलाई रु ५० हजारसँगै अन्य आकर्षक पुरस्कार प्रदान गरिने छ । विधागततर्फ उत्कृष्ट हुनेलाई जनही रु २५ हजार र हरेक खेलको प्लेयर अफ द म्याचलाई रु १५ हजार नगद पुरस्कार प्रदान गरिने छ ।

उक्त नवौं संस्करणको उद्घाटन समारोहमा एक जना राष्ट्रिय खेलाडीलाई रु ५० हजार नगदसहित शेरबहादुर खड्का स्पेशल अवार्डबाट सम्मानित गरिनेसमेत आयोजकका अध्यक्ष रञ्जन खड्काले बताए । उक्त प्रतियोगिता सञ्चालनका लागि करिब रु ४० लाख लाग्ने आयोजकले जनाएको छ ।

### प्रतिभा फर्किइन्

स्टार भलिबल खेलाडी प्रतिभा माली फेरि नेपाली कोर्टमा उत्रिँदैछिन् । नेपाल भलिबल संघ (एनभिए) ले आयोजना गर्न लागेको नवौं एनभीए महिला तथा पुरुष भलिबल च्याम्पियनसिपको सुरुआतसँगै न्यु डायमन्ड युथ स्पोर्ट्स क्लबले आफ्नो बलियो टिम सार्वजनिक गरेको छ ।

क्लबका प्रशिक्षक कुमार राईले उपाधि पुनः भित्र्याउने लक्ष्यसहित १६ सदस्यीय टोली घोषणा गरेका हुन् । उनले सहायक प्रशिक्षकमा ललित नाथलाई निरन्तरता दिएका छन् भने टिम व्यवस्थापकको जिम्मेवारी दिनेशकुमार श्रेष्ठले सम्हाल्नेछन् ।

पछिल्लो सिजन अस्ट्रेलियामा रहेको कारण प्रतियोगितामा देखिन नसकेकी प्रतिभा मालीको पुनरागमनले न्यु डायमन्डलाई पुनः उपाधिको प्रमुख दाबेदार बनाउने अपेक्षा राईले राखेका छन् । प्रतिभा फर्किएसँगै टोलीको आक्रमण अझ धारिलो बन्ने विश्वास गरिएको छ ।

# क्रिकेट टोलीका मुख्य प्रशिक्षक मनोजले दिए राजीनामा

■ प्रभाव संवाददाता

**काठमाडौं**– नेपाल महिला राष्ट्रिय क्रिकेट टोलीका मुख्य प्रशिक्षक मनोज कटुवालले आफ्नो पदबाट औपचारिक रूपमा राजीनामा दिएका छन् ।

कटुवालले क्रिकेट संघ नेपाल (क्यान) लाई पठाएको राजीनामा पत्रमा नेपाल क्रिकेटको सेवा गर्न पाएको अवसरलाई सम्मान र गौरवको विषय बताएका छन् । उनले नेपाल महिला टोलीसँग काम गर्नु आफ्नो व्यावसायिक जीवनको सबैभन्दा अर्थपूर्ण अध्यायहरूमध्ये एक भएको उल्लेख गरेका छन् ।

राजीनामा पत्रमा उनले क्यान, सहयोगी प्रशिक्षक टोली, खेलाडी तथा सम्पूर्ण




सरोकारवालालाई कार्यकालभरि प्राप्त गरेको साथ, विश्वास र सहयोगका लागि धन्यवाद दिएका छन् । उनले आफ्नो कार्यकालमा प्रदर्शनसँगै अनुशासन, मानसिक मजबुती र नेपाली महिला क्रिकेटको दीर्घकालीन विकासमा पनि जोड दिइएको उल्लेख गरेका छन् ।

कटुवालका अनुसार यो निर्णय सजिलो थिएन, तर टोलीको भविष्यका लागि नयाँ नेतृत्व अन्तर्गत अघि बढ्नु उपयुक्त हुने विश्वासका साथ आफूले पद छोड्ने निर्णय लिएका हुन् । उनले भविष्यमा पनि नेपाल महिला क्रिकेटका समर्थकका रूपमा सधैं साथ रहने प्रतिबद्धता व्यक्त गरेका छन् ।

नेपाल महिला क्रिकेटको विकासमा योगदान दिन पाएकोमा आभार व्यक्त गर्दै उनले आफ्नो प्रयासले केही सकारात्मक मूल्य थपिएको आशा पनि व्यक्त गरेका छन् ।

# कोशीका क्रिकेटर मिनासको सवारी दुर्घटनामा निधन



**पथरी (प्रस)**– कोशी प्रदेशका क्रिकेटर मिनास थापाको सवारी दुर्घटनामा निधन भएको छ ।

बुधबार राति विराटनगरस्थित एयरपोर्ट मोडमा थापाले चलाएको मोटरसाइकल पोलमा ठोक्किँदा गम्भीर घाइते भएका थिए । दुर्घटनापछि स्थानीयले तत्काल उद्धार गरी अस्पताल पुऱ्याएका थिए । तर, उपचारका क्रममा उनको मृत्यु भएको अस्पतालले जनाएको छ । थापाको शव अहिलर् पोस्टमार्टमका लागि कोशी अस्पताल विराटनगरमा राखिएको छ ।

कोशी प्रदेश क्रिकेट टोलीका सदस्य रहेका थापाले प्रदेशको प्रतिनिधित्व गर्दै प्रधानमन्त्री कप एकदिवसीसहित विभिन्न प्रतियोगितामा सहभागिता जनाएका थिए । उनी परिवारका एक्ला छोरा हुन् ।

इण्डो-नेपाल टी-२० क्रिकेट

# आर्मी र दिल्ली वण्डर्स क्रिकेट क्लब विजयी

**चितवन (प्रस)**– इण्डो-नेपाल टी-२० च्याम्पियनसिपअन्तर्गत बिहीबार भएका दुई खेलमा विभागीय टोली त्रिभुवन आर्मी क्लब र दिल्ली वण्डर्स क्रिकेट क्लब विजयी भएका छन् ।

चितवन जिल्ला क्रिकेट संघको आयोजनामा भरतपुरस्थित गौतमबुद्ध अन्तर्राष्ट्रिय क्रिकेट रंगशालाको नमुना मैदानमा जारी प्रतियोगितामा बिहीबार दुई रोमाञ्चक खेल सम्पन्न भए । पहिलो खेलमा त्रिभुवन आर्मी क्लबले कलकताको तलतला इन्स्टिच्युट अफ° क्लबलाई ९ रनले पराजित गरेको हो । २०१ रनको विशाल लक्ष्य पछ्याएको तलतला १९१ रनमा अलआउट भएपछि आर्मीले जित निकालेको हो । तलतलाका ब्याटर निखिलले ३७ बलमा ७७ रनको शानदार अर्धशतकीय पारी खेले पनि टोलीलाई जित दिलाउन सकेनन् ।

यसअघि पहिले ब्याटिङ गरेको आर्मीका सन्तोष यादवले १५ बलमा ४२ रन साथै तीर्थ राज दासले २६ बलमा ४३ रनको विस्फोटक पारी खेलेर ८ विकेटको क्षतिमा २०० रनको योगफल तयार पारेको थियो ।

यसैगरी, दोस्रो खेलमा दिल्ली वण्डर्स क्रिकेट क्लबले चितवन क्रिकेट क्लबलाई ३० रनले पराजित गरेको छ । दिल्लीको जीतको लागी हर्षित सेठीले ३.३ ओभर बलिङ गर्दा २९ रन खर्चेर ५ विकेट लिए ।



भारतको चेन्नईस्थित स्यान्थोम क्याथेड्रल बासिलिका चर्चमा क्रिसमसको प्रार्थना गर्दै भक्तजनहरू । *तस्बिर: एएफपी*

# १७ वर्षपछि तारिक रहमानको स्वदेश फिर्ती

**ढाका–** १७ वर्ष लामो निर्वासनपछि बंगलादेश नेसनालिस्ट पार्टी (बिएनपी) का कार्यवाहक अध्यक्ष तारिक रहमान बिहीबार स्वदेश फर्किएका छन् । पूर्वप्रधानमन्त्री शेख हसिनाको सत्ता पतनपछि उनको आगमनलाई बंगलादेशको राजनीतिमा महत्त्वपूर्ण घटनाका रूपमा हेरिएको छ ।

रहमान आफ्नी धर्मपत्नी जुबैदा रहमान र छोरी जाइमा रहमानसँग लण्डनबाट विमान बंगलादेश एयरलाइन्सको उडानमार्फत ढाका आइपुगेका हुन् । उक्त विमान ढाकाको हजरत शाहजलाल अन्तर्राष्ट्रिय विमानस्थल पुग्नुअघि सिल्हटमा अवतरण गरेको थियो ।

उनको स्वागतका लागि विमानस्थल आसपास र ३०० फिट रोड क्षेत्रमा ठूलो संख्यामा बिएनपी समर्थक तथा कार्यकर्ता भेला भएका थिए । देशका विभिन्न भागबाट आएका समर्थकहरूले क्षेत्रलाई मानौं जनसागरमा परिणत गरेका थिए । पार्टीका वरिष्ठ नेताहरू, स्थायी समितिका सदस्यसहित विमानस्थलमै उनलाई स्वागत गर्ने कार्यक्रम तय गरिएको थियो ।

भीड व्यवस्थापनका लागि विमानस्थल प्रशासनले २४ घण्टाका लागि आगन्तुक प्रवेशमा प्रतिबन्ध लगाएको थियो । वैध टिकट र पासपोर्ट भएका यात्रुहरूबाहेक अन्यलाई विमानस्थल प्रवेशमा रोक लगाइएको बिडी न्युज२४ ले जनाएको छ । बंगलादेशको अन्तरिम सरकारले पनि रहमानको सुरक्षाका लागि व्यापक तयारी गरेको बताएको छ । अन्तरिम सरकारका मुख्य सल्लाहकारका प्रेससचिव शफीकुल आलमले सरकार उनको स्वदेश फिर्तीलाई स्वागत गर्दै बिएनपीसँग समन्वयमा सुरक्षा व्यवस्था मिलाइएको जानकारी दिए ।

ढाका आगमनपछि रहमान ३०० फिट रोड (३६ जुलाई एक्सप्रेसवे) मा आयोजित संक्षिप्त स्वागत कार्यक्रममा सहभागी भए । त्यसपछि उनी एभरकेयर अस्पताल पुगे र पछि गुलसनस्थित आफ्नै निवासमा गएका छन् । बिएनपीका अनुसार रहमानले भोलि डिसेम्बर २७ मा मतदाता दर्ता गर्ने योजना बनाएका छन् । यसका लागि निर्वाचन कार्यालयहरू शनिबार पनि खुला रहने जानकारी दिइएको छ ।

यसैबीच, फेब्रुअरी १२ मा हुने संसदीय निर्वाचनका लागि बिएनपी नेत्री खालिदा जिया र तारिक रहमानका तर्फबाट बोगुराका विभिन्न निर्वाचन क्षेत्रका लागि नामांकन फाराम संकलन भइसकेको बिडी न्युज२४ ले जनाएको छ । *रासस/एएनआई*



## अवामी लिग चुनावबाहिर

**ढाका–** बंगलादेशको अन्तरिम सरकारका मुख्य सल्लाहकारका प्रेससचिव शफीकुल आलमले बंगलादेश अवामी लिगले आगामी वर्ष फेब्रुअरीमा हुने राष्ट्रिय संसदीय निर्वाचनमा सहभागी हुन नपाउने स्पष्ट गरेका छन् । उनका अनुसार पार्टीमाथि लगाइएको राजनीतिक गतिविधि प्रतिबन्ध र निर्वाचन आयोगद्वारा दर्ता रद्द गरिएकाले अवामी लिगको चुनावी सहभागिता सम्भव छैन ।

बुधबार राजधानी ढाकास्थित फरेन सर्भिस एकेडेमीमा अन्तरिम सरकारको सल्लाहकार परिषद्को बैठकपछि आयोजित पत्रकार सम्मेलनमा आलमले सरकारको निर्णयबारे जानकारी दिए । यस क्रममा अवामी लिगमाथि लगाइएको प्रतिबन्धप्रति चिन्ता व्यक्त गर्दै पाँच अमेरिकी सांसदले मुख्य सल्लाहकारलाई पठाएको पत्रबारे सोधिएको प्रश्नको जवाफमा उनले आफूले उक्त पत्र नदेखेको तर सरकारको अडान स्पष्ट रहेकोमा जोड दिए ।

'अवामी लिगका गतिविधिमा प्रतिबन्ध लगाइएको छ र निर्वाचन आयोगले पार्टीको दर्ता रद्द गरिसकेको छ । त्यसैले अवामी लिगले आगामी निर्वाचनमा भाग लिन सक्ने छैन,' उनले भने ।

यस वर्ष मे महिनामा अन्तरिम सरकारले बंगलादेश अवामी लिग र यसका सम्बद्ध तथा भ्रातृ संगठनहरूको सम्पूर्ण गतिविधिमा प्रतिबन्ध लगाउने राजपत्र अधिसूचना जारी गरेको थियो । अन्तर ाष्ट्रिय अपराध न्यायाधिकरणमा मुद्दा टुंगो नलागेसम्म प्रतिबन्ध कायम रहने उक्त निर्णय गृह मन्त्रालयअन्तर्गत सार्वजनिक सुरक्षा विभागले आतंकवाद विरोधी (संशोधन) अध्यादेशअनुसार लिएको हो ।

गत वर्ष जुलाईमा विद्यार्थी नेतृत्वको विद्रोहपछि पूर्वप्रधानमन्त्री शेख हसिनाको सरकार अपदस्थ भएको करिब एक वर्षपछि बंगलादेश फेब्रुअरी २०२६ मा राष्ट्रिय निर्वाचनतर्फ अग्रसर भइरहेको छ । तर पूर्वप्रधानमन्त्री हसिनाले अवामी लिगविनाको चुनावलाई 'चुनाव नभई राज्याभिषेक' को संज्ञा दिएकी छन् ।

उनले भनेकी छन्, 'अवामी लिगविनाको चुनाव चुनाव होइन । जनताको मतविना शासन गरिरहेका युनुसले लोकप्रिय जनादेशबाट पटक-पटक निर्वाचित पार्टीलाई प्रतिबन्ध लगाउन खोजिरहनुभएको छ ।' उनका अनुसार अवामी लिगमाथिको प्रतिबन्ध कायम रहे लाखौं मतदाता प्रभावकारीरूपमा मताधिकारबाट वञ्चित हुने छन् र त्यस्तो प्रक्रियाबाट बन्ने कुनै पनि सरकार नैतिक वैधताविहीन हुने छ । राजनीतिक तनाव चुलिँदै गएको अवस्थामा बंगलादेशले फेब्रुअरी २०२६ मा हुने निर्वाचनलाई निर्णायक मोडका रूपमा हेरिरहेको छ । *रासस/एएनआई*

# उत्तर कोरियाको आणविक पनडुब्बीमा प्रगति

**सियोल–** उत्तर कोरियाले आणविक-सञ्चालित पनडुब्बी निर्माणमा उल्लेखनीय प्रगति गरेको संकेत दिएको छ । राज्य सञ्चारमाध्यमले सार्वजनिक गरेका तस्बिरहरूमा धेरै हदसम्म पूरा भएको पनडुब्बीको बाहिरी संरचना देखिन्छ । यस क्रममा नेता किम जोङ उनले दक्षिण कोरियाले यस्तै प्रविधि हासिल गर्न दबाब दिइरहेको भन्दै कडा आलोचना गरेका छन् ।



उत्तर कोरियाको आधिकारिक कोरियन सेन्ट्रल न्युज एजेन्सीका अनुसार किमले आठ हजार ७०० टन क्षमताको आणविक-प्रोपेल्ड पनडुब्बी निर्माण भइरहेको एक शिपयार्डको निरीक्षण गरेका हुन् । उनले यस पनडुब्बीलाई उत्तर कोरियाली नौसेनाको आधुनिकीकरण र आणविक प्रतिरोध क्षमताका लागि अत्यन्तै महत्त्वपूर्ण कदमका रूपमा वर्णन गरे । उत्तर कोरियाले यसलाई 'रणनीतिक निर्देशित मिसाइल पनडुब्बी' वा 'रणनीतिक आणविक आक्रमण पनडुब्बी' भन्दै भविष्यमा आणविक हतियारले सुसज्जित गर्ने योजना रहेको संकेत दिएको छ ।

निरीक्षणका क्रममा उनले अमेरिकी राष्ट्रपति डोनाल्ड ट्रम्पको समर्थनमा दक्षिण कोरियाले आफ्नै आणविक-सञ्चालित पनडुब्बी प्राप्त गर्ने प्रयास गरिरहेको उल्लेख गर्दै त्यसलाई उत्तर कोरियाको सुरक्षा र समुद्री सार्वभौमिकतामाथिको 'आक्रामक कार्य' भने । उनका अनुसार यस्ता योजनाले उत्तर कोरियालाई आफ्नो नौसेना र आणविक प्रतिरोध क्षमता अझ सशक्त बनाउन बाध्य बनाएको छ ।

राज्य मिडियाले किमले कहिले शिपयार्ड भ्रमण गरेका हुन् भन्ने स्पष्ट नगरे पनि सार्वजनिक तस्बिरहरूमा उनले वरिष्ठ अधिकारीहरू र आफ्नी छोरीसँगै विशाल जहाजको निरीक्षण गरिरहेको देखिन्छ । मार्चपछि पहिलोपटक पनडुब्बीको स्पष्ट तस्बिर सार्वजनिक गरिएको हो ।

पनडुब्बी कहिले पूर्णरूपमा तयार हुन्छ भन्ने खुल्न नसके पनि दक्षिण कोरियाका विज्ञहरूका अनुसार बाहिरी संरचना लगभग तयार देखिनु भनेको इन्जिन र सम्भावित रिएक्टरजस्ता मुख्य प्रणालीहरू भित्रै जडान भइसकेको संकेत हुन सक्छ । हानयाङ विश्वविद्यालयका पनडुब्बी विशेषज्ञ मुन केउन-सिकका अनुसार यो जहाज केही महिनाभित्र समुद्र परीक्षणमा जान सक्ने सम्भावना छ ।

आणविक-सञ्चालित पनडुब्बी किमले सन् २०२१ मा घोषणा गरेका दीर्घकालीन सैन्य लक्ष्यहरूमध्ये एक हो । यस सूचीमा ठोस इन्धनयुक्त अन्तरमहाद्वीपीय ब्यालिस्टिक मिसाइल, हाइपरसोनिक हतियार, जासुसी उपग्रह र बहुवारहेड मिसाइलहरू पनि समावेश थिए, जसमध्ये केहीमा उत्तर कोरियाले पहिले नै प्रगति गरिसकेको छ ।

यदि उत्तर कोरियाले लामो समयसम्म गोप्यरूपमा सञ्चालन गर्न सक्ने र पानीमुनिबाट मिसाइल प्रहार गर्न सक्षम पनडुब्बी तैनाथ गर्‍यो भने, यो क्षेत्रीय सुरक्षाका लागि गम्भीर चुनौती हुने विज्ञहरूको भनाइ छ । यद्यपि, कडा अन्तर्राष्ट्रिय प्रतिबन्धमा रहेको देशले यस्तो प्रविधि र स्रोत कसरी जुटायो भन्ने प्रश्न पनि उठिरहेको छ । केही विश्लेषकहरूले रुससँगको पछिल्लो सैन्य सहकार्यबाट उत्तर कोरियाले प्राविधिक सहयोग पाएको हुन सक्ने अनुमान गरेका छन् ।

यसैबीच, दक्षिण कोरियाले पनि आफ्नै आणविक-सञ्चालित पनडुब्बी प्राप्त गर्ने प्रयास अघि बढाएको छ । राष्ट्रपति ली जे म्युङले अमेरिकी समर्थनको माग गरेका छन् भने राष्ट्रपति ट्रम्पले सैद्धान्तिकरूपमा प्रविधि साझेदारीका लागि खुलापन देखाएका छन् ।

उत्तर कोरियाले हालै नयाँ एन्टी-एयर मिसाइल परीक्षण गरेको र पूर्वी तटबाट थुप्रै मिसाइल प्रक्षेपण गरिएको दक्षिण कोरियाली अधिकारीहरूले बताएका छन् । रुस-युक्रेन युद्धपछि उत्तर कोरियाले आफ्नो सैन्य र आणविक कार्यक्रम तीव्र बनाउँदै जाँदा कोरियाली प्रायद्वीपमा तनाव थप बढेको छ । *रासस/एपी*

# जेलेन्स्कीको कडा चेतावनी

**किएभ–** युक्रेनका राष्ट्रपति भोलोदिमर जेलेन्स्कीले रुसले अन्तर्राष्ट्रिय प्रतिबन्ध छल्ने प्रयास गरिरहेको र त्यसले विश्वव्यापी सुरक्षा जोखिम बढाइरहेकोप्रति गम्भीर चेतावनी दिएका छन् । उनले युक्रेनको विदेश गुप्तचर सेवाका प्रमुख ओलेह इभासेन्कोको प्रतिवेदन उद्धृत गर्दै ऊर्जा कम्पनीहरू र काल्पनिक कानुनी संरचनामार्फत रुसले प्रतिबन्धबाट जोगिन खोजिरहेको उल्लेख गरे ।



सामाजिक सञ्जाल एक्समा सार्वजनिक सन्देशमार्फत राष्ट्रपति जेलेन्स्कीले युक्रेनले यस्ता गतिविधि निरन्तर निगरानी गरिरहेको र साझेदार मुलुकहरूसँग समन्वय गरेर रुसमाथि दबाब कायम राख्ने स्पष्ट पारे । 'रुसले आफ्ना ऊर्जा कम्पनीहरूलाई विश्वव्यापी प्रतिबन्धबाट बचाउन अस्थायी मालिक र बनावटी कानुनी योजनाहरू प्रयोग गरिरहेको छ । हामी यी सबै गतिविधिमाथि नजर राखिरहेका छौं र रुसलाई युद्धका लागि स्रोत जुटाउन नदिन साझेदारहरूसँग सहकार्य गर्नेछौं,' उनले भने ।

इभासेन्कोको प्रतिवेदनमा बेलारुसको भूमिमा रुसले ओरेसनिक प्रणाली तैनाथ गरेको विषय पनि समेटिएको छ, जसलाई राष्ट्रपति जेलेन्स्कीले विश्वव्यापी सुरक्षाका लागि गम्भीर खतरा ठहर गरे । उनका अनुसार यस्ता हतियारहरूको आक्रामक विस्तारले खतरनाक उदाहरण सिर्जना गर्दछ र त्यसविरुद्ध सहयोगीहरूसँग संयुक्त प्रतिक्रिया विकल्प तयार गर्न निर्देशन दिइसकिएको छ ।

राष्ट्रपति जेलेन्स्कीले गुप्तचर र सैन्य उत्पादन क्षेत्रमा रुस र चीनबीच बढ्दो सहकार्यप्रति पनि चिन्ता व्यक्त गरे । उनले विशेषगरी अन्तरिक्षमा आधारित खुफिया सूचनामा दुवै देशका संस्थाहरूबीच सहयोग बढिरहेको उल्लेख गरे । युक्रेनका अनुसार चिनियाँ उपग्रह तस्बिरहरू र युक्रेनी ऊर्जा पूर्वाधारमाथि भएका रुसी आक्रमणहरूबीच सम्बन्ध देखिएको छ ।

'यस्ता गतिविधिले रुसलाई युद्ध लम्ब्याउन र कूटनीतिक प्रयासहरू कमजोर पार्न सहयोग पुर्‍याइरहेको छ,' उनले भने । उनले यी सबै विषय साझेदारहरूसँग उठाइने र कूटनीतिक माध्यमबाट रुसका कदमहरूको प्रतिरोध गरिने पनि स्पष्ट गरे ।

यसैबीच, किएभको स्वाटोसिन्स्की जिल्लामा हालै भएको रुसी ड्रोन आक्रमणमा पाँच जना घाइते भएको किएभ सिटी मिलिटरी प्रशासनले जनाएको छ । युद्धका यस्ता घटनाले क्षेत्रीय मात्र नभई विश्वव्यापी सुरक्षामासमेत गम्भीर असर पारिरहेको युक्रेनको निष्कर्ष छ । *रासस/एएनआई*

# थाइल्याण्डले सीमा नियन्त्रणमा मूर्ति हटायो

**बैंकक–** थाइल्याण्ड सरकारले आफ्नो सेनाले कम्बोडियासँगको विवादित सीमा क्षेत्रमा रहेको हिन्दू देवता विष्णुको मूर्ति हटाएको पुष्टि गरेको छ । सरकारका अनुसार यस कदमको उद्देश्य धर्म वा विश्वासको अनादर गर्ने उद्देश्य नभई सीमा क्षेत्रमा नियन्त्रण कायम गर्नु र सुरक्षा सुनिश्चित गर्नु थियो ।

छिमेकी दुई देशबीच दुई हप्ताभन्दा बढी सैन्य झडपपछि सो मूर्ति ध्वस्त भएको थियो । कम्बोडियाका अधिकारीहरूले यसमा आपत्ति जनाए । प्रेह विहार प्रान्तीय प्रवक्ताले मूर्ति सन् २०१४ मा निर्माण भएको र सोमबार हटाइएको बताए ।

थाई सरकारले उक्त संरचना कुनै आधिकारिक धार्मिकस्थलको रूपमा दर्ता गरिएको नभई केवल सजावटी तत्वको रूपमा रहेको स्पष्ट पारेको छ । मन्त्रालयले भन्यो, 'अझ महत्त्वपूर्ण कुरा, यस क्षेत्रको प्रभावकारी नियन्त्रण सुनिश्चित गर्ने उद्देश्यका साथ मूर्ति हटाइएको थियो ।'

सो मूर्ति ध्वस्त पारिएको भिडियो यस हप्ता थाई सामाजिक सञ्जालमा व्यापकरूपमा फैलिएको थियो । गुगल नक्साअनुसार मूर्ति कम्बोडियाको सीमाबाट करिब ४०० मिटर टाढा रहेको थियो ।

यो क्षेत्र लामो समयदेखि सीमा द्वन्द्वको केन्द्र रहँदै आएको छ । यस महिनामा सुरु भएको पछिल्लो झडपमा थाइल्याण्डमा २३ जना सैनिक र कम्बोडियामा २१ नागरिकको मृत्यु भएको सरकारी तथ्यांकले जनाएको छ ।

थाइल्याण्डका प्रधानमन्त्री अनुतिन चार्नविराकुलले 'नष्ट भएको मूर्तिलाई सैनिकहरूको जीवन वा अंगहरूसँग तुलना गर्न सकिँदैन' भन्दै विवाद नियन्त्रणमा राख्न सरकार सक्रिय रहेको बताए । *रासस/एएफपी*


## वर्गीकृत विज्ञापन संकलन काउन्टर

पशुपति विज्ञापन सेवा – सोह्रखुट्टे, नयाँबजार फोन नं. ४३५५७६०, ९८४१८८७७१६ ९८६६४३०१५५ । स्मार्ट सर्भिस नेपाल प्रा.लि.–सिनामंगल, एयरपोर्ट, शम्भु मार्ग, फोन नं.०१२२९६६५८र९८४२६३५८१५ । लोटस कम्युनिकेशन– गोंगबुचोक, फोन नं. ४३६४७१। ध्रुवको पसल– डिल्लीबजार, फोन नं. ४४३९२०१। Reach-mond Books Shop (रोहित दाहाल) – फोन नं.४०१६३१८, महाराजगञ्ज, भाटभटेनी गेट । Yonjan Enterprise - Dhalku Bhishal Nagar, 4438217। दन्तकाली स्टेशनरी – नयाँबसपार्क फोन नं. ९८१३९६०७४६ । सारीका स्टेशनरी पसल – फोन नं. ९८५११२९६८६ । ज्ञाञ्जयोति पुस्तक पसल बागबजार, फोन नं. ४२४००६० । विश्व स्वतन्त्र सञ्चार– सुन्धारा, फोन नं. ४२१९४१२ । निशा बुक्स एण्ड स्टेशनरी – लगनखेल, ५५३१९५७, ९८४१६२७४८९ । वीडलिंक मिडिया प्रा.लि. – पूरानो बानेश्वर चोक, फोन नं. ४४९२३०९, २०१४९३२, ९८४९६०६१४ । हिमचुली स्टेशनरी– बालाजु नेपालटार, फोन नं.४३८७२४२, ९८४१४४००८३ । मलः स्टेशनरी– गठ्ठाघर ठिमी, फोन नं. ६६३०७५७ । B-Tech Nepal- पुतलीसडक चोक, फोन नं.9851079417, 2297501| HaLMax Communication - Jamal Kathmandu, 4224181, 4245457, 9841853198, (Hari Dawadi) जमलको पुलमुनी- विश्वज्योति हल हसाईडमा), बी.एण्ड बी. कम्यूनिकेशन एण्ड साइबर– कलंकी चोक फोनः ०१-४२७६५३०, फ्याक्सः०१-४२७१३२२ । दाजुभाइ स्टेशनरी – पिंगलास्थान, गौशाला, फोनः ०१-४४९४६१५, ९८४९५०८१९९, ए.आर स्टेशनरी च्यासल गेट -९ ललितपुर फोन नं. ९८४१२८६९८९, हलफच्याक्स मिडिया एण्ड कम्यूनिकेशन जमल, काठमाडौं सम्पर्क : ०१- ४२२४१८१, ०१- ४०१२५७७, लोटस एड मिडिया एण्ड मार्केटिङ गोंगबु चोक फोन नं. ९८५१०२४३९८ र ९८६०३४६२५७, कमल स्टेशनरी, सिफल फोन नं. ९८४३२६४२३२, ०१४५८०१८४ ।

प्रभाव दैनिक
National Daily

# अर्थ बजार

आजको मूल्य


| छापावाला सुन | तेजाबी सुन | चाँदी |
|---|---|---|
| प्रति तोला – २६७५०० | प्रति तोला – ० | प्रति तोला – ४४०० |



**पर्यटकीय घुमारीघाट** | तनहुँको घिरिङ गाउँपालिका-४ उम्सेबाट देखिएको कालीगण्डकी नदी र नदीले बनाएको घुमारीघाट । तनहुँ र नवलपरासी बर्दघाट सुस्तापूर्व भएर बग्ने कालीगण्डकीले करिब ५०० रोपनी क्षेत्रफलको जमिनलाई शंख आकारमा घेरा दिएको छ । घुमारीघाट ऐतिहासिक तथा धार्मिक रूपले निकै महत्वपूर्ण मानिन्छ । पछिल्लो समय कालीगण्डकी करिडोर भएर यात्रा गर्ने आन्तरिक पर्यटकहरू घुमारीघाट घुम्ने क्रम बढ्दै गएको छ । *तस्बिरः सागर गिरी/रासस*

# पोखरा-जोमसोम हवाई सेवा तीन महिनाका लागि स्थगित

■ प्रभाव संवाददाता




**मुस्ताङ** – हिउँदयाममा मुस्ताङ भ्रमण गर्नेको संख्या घट्दै गएपछि निजी वायुसेवा कम्पनीले पोखरा-जोमसोम हवाई सेवा तीन महिनाका लागि स्थगित गरेका छन् ।

नियमित उडान भर्दै आएका कम्पनीहरू समिट एयरलाइन्स र तारा एयरलाइन्सले प्रतिकूल मौसम, हिमपातको सम्भावना र पर्यटक अफसिजनका कारण हवाई सेवा स्थगित गरेको नागरिक उड्यन कार्यालय जोमसोमका प्रमुख दीपक पोखरेलले जानकारी दिए ।

प्रमुख पोखरेलका अनुसार नियमित हवाई सेवा स्थगित भएपनि चार्टर र आपत्कालीन हेली सेवा नरोकिने बताए । तारा एयरलाइन्स मुस्ताङका स्टेशन इन्चार्ज सुचन लालचनले कम्पनीले डिसेम्बर ४ देखि मार्च एक सम्म पोखरा-जोमसोम उडान स्थगित गरेको बताए । त्यसैगरी समिट एयरलाईन्स कम्पनीले नियमित उडान दुई महिनाका लागि स्थगित गरेको जनाएको छ ।

हिउँदयाममा मुस्ताङमा हावाहुरी चल्ने भएकाले पनि पोखरा-जोमसोम उडान प्रभावित हुने गर्छ । पछिल्लो समय बेनी-जोमसोम-कोरला सडक सहज हुँदै जान थालेपछि हवाई यात्रुको संख्या घट्दै जान थालेको छ ।

# सामुदायिक बीउ बैंक हरेक स्थानीय तहमा स्थापना गर्न जोड

**मोरङ (प्रस)**– कोशी प्रदेशमा प्रत्येक स्थानीय तहमा कम्तीमा एउटा सामुदायिक बीउ बैंकको व्यवस्था गर्न सरोकारवालाले जोड दिएका छन् ।

जैविक विविधता अनुसन्धान तथा विकासका लागि स्थानीय पहल (ली-बर्ड) पोखराको सहकार्य तथा कृषि विकास निर्देशनालय, कोशी प्रदेशसँगको समन्वयमा सामुदायिक बीउ बैंक संघ नेपाल, कावासोती नवलपरासीले बुधबार विराटनगरमा 'कोशी प्रदेशमा सामुदायिक बीउ बैंक : वर्तमान अवस्था र विस्तारको आवश्यकता' विषयक अन्तरक्रिया गरेको थियो । सो अन्तरक्रियामा सरोकारवालाले स्थानीय र रैथाने जातका बीउको संरक्षणका लागि हरेक स्थानीय तहमा बीउ बैंक आवश्यक भएको बताएका हुन् । कोशी प्रदेश सरकार उद्योग, कृषि तथा सहकारी मन्त्रालयका निमित्त सचिव पशुपति पोखरेलले स्थानीय र रैथाने जातको बीउ संरक्षणका लागि सरकारले काम गरिरहेको बताउँदै स्थानीय उत्पादनबाट बनेका परिकारलाई विद्यालय तथा सरकारी कार्यालयमा खाजाका रूपमा प्रयोग गरी प्रवर्द्धन गर्नुपर्नेमा जोड दिएका छन् ।

सामुदायिक बीउ बैंक संघ नेपालका कार्यक्रम सल्लाहकार पीताम्बर श्रेष्ठले बीउ बैंक वर्तमान र भविष्यको खाद्य सुरक्षा, पोषण, पर्यावरण, कृषि अनुसन्धान र विकासको आधार भएको बताउँदै रैथाने र स्थानीय बीउ संरक्षणका लागि तीन तहकै सरकार मातहतका निकायको साझा प्रयास अपरिहार्य रहेको बताए । सामुदायिक बीउ बैंक संघ नेपालका सञ्चालक सदस्य डिल्ली पौडेलले आगामी आर्थिक वर्षमा प्रदेशको पहलमा जिल्लामा बीउ संरक्षणका लागि समावेश गर्न सकिने सम्भावनाको खोजी र मूलप्रवाहिकरण तथा विस्तारको मार्ग पहिचान गर्ने उद्देश्यले कार्यक्रम आयोजना गरिएको बताए ।

कोशी प्रदेशमा सामुदायिक बीउ बैंकको संख्या चार वटा छ । चारपाते बीउ बैंक मोरङ, शिवगञ्ज सामुदायिक बीउ बैंक झापा, तामाफोक सामुदायिक बीउ बैंक, संखुवासभा र षडानन्द बीउ बैंक भोजपुर रहेका छन् ।

## वीरगञ्ज हुँदै ४० अर्बका सामान निर्यात

**वीरगञ्ज (प्रस)**– वीरगञ्ज हुँदै चालु आर्थिक वर्षको पाँच महिनामा रु ३९ अर्ब ९७ करोड मूल्यका वस्तु तथा सामान निर्यात भएको छ । गत आवको पाँच महिनाको तुलनामा चालु आवको सोही अवधिमा यो नाका हुँदै ८९ प्रतिशतअर्थात् रु १८ अर्ब ७९ करोड बढीको निर्यात भएको हो ।

जबकी गत आवको पाँच महिनामा भने रु २१ अर्ब १८ करोड मूल्यका वस्तु तथा सामान विदेशी मुलुकमा निर्यात भएको थियो । वीरगञ्ज भन्सार कार्यालयका सूचना अधिकृत उदयसिंह विष्टले चालु आवको पाँच महिनामा यो नाका हुँदै हुने निर्यातमा उल्लेखनीय वृद्धि भएको बताए ।

# बुटवलमा प्रोटोन ईमासको 'एक्सचेन्ज फर एक्सेलेन्स' योजना




**काठमाडौं (प्रस)**– जगदम्बा मोटर्स प्रा.लि. अन्तर्गत सञ्चालन हुँदै आएको नेपालकै अग्रणी विद्युतीय सवारी साधन (इभी) ब्रान्ड प्रोटोन ईमासले बुटवलमा 'एक्सचेन्ज फर एक्सेलेन्स' योजना सार्वजनिक गरेको छ । यो तीनदिने एक्सचेन्ज कार्यक्रम पुस १२ देखि १४ गतेसम्म (डिसेम्बर २७, २८ र २९, २०२५) बुटवलको कालिकानगरस्थित प्रोटोन ईमासको शोरुममा आयोजना हुनेछ ।

कार्यक्रम अवधिभर ग्राहकहरूले आफ्ना पुराना सवारी साधन साट्न सक्नेछन् भने प्रोटोन ईमासका विद्युतीय सवारी साधनका विशेषता, सेवा, सुविधा र फाइदाबारे विस्तृत जानकारी प्राप्त गर्न सक्नेछन् । एक्सचेन्ज कार्यक्रमका अवसरमा प्रोटोन ईमास ७ को सुरुआती मूल्य ४६ लाख ९९ हजार रूपैयाँ तोकिएको छ ।

प्रोटोन ईमास ७ मा १६० किलोवाट क्षमताको मोटर, १८० एमएम ग्राउन्ड क्लियरेन्स तथा ४९२ किलोमिटर र ५८५ किलोमिटरसम्मको एनईडीसी रेन्ज रहेको छ । साथै, यसमा आधुनिक सुरक्षा प्रविधि, आकर्षक प्रिमियम डिजाइन र ४,६१५ एमएम लम्बाइ रहेको कम्पनीले जनाएको छ।

यस विशेष एक्सचेन्ज अफरमार्फत बुटवलका ग्राहकहरूलाई आधुनिक, प्रविधिमैत्री र वातावरणमैत्री विद्युतीय सवारी साधनमा स्तरोन्नति गर्ने उत्कृष्ट अवसर प्रदान गर्ने लक्ष्य प्रोटोन ईमासले लिएको छ ।

# कृषि-पर्यटन प्रवर्द्धनार्थ 'सुन्तला-हाइकिङ'



**काभ्रेपलाञ्चोक**– यहाँ कृषि तथा पर्यटन प्रवर्द्धन गर्ने उद्देश्यले 'सुन्तला-हाइकिङ' कार्यक्रम सञ्चालन गर्न लागिएको छ । विभिन्न निकाय तथा संघ-संस्थाको आयोजनामा यसपटक परीक्षण र प्रवर्द्धनका रूपमा कार्यक्रम सञ्चालन गर्न लागिएको जनाइएको छ ।

होटल एसोसिएसन अफ नेपाल (हान) काभ्रेपलाञ्चोक च्याप्टरको आयोजना र धुलिखेल नगरपालिका पर्यटन परिषद्को विशेष सहयोगमा कार्यक्रम सञ्चालन गर्न लागिएको हो । यसमा जिल्लास्थित नेपाल युवा उद्यमी मञ्च र रोटरी क्लब अफ धुलिखेलले सहकार्य गर्ने जनाइएको छ ।

यस्तै कार्यक्रम १५ वर्षअघि पनि सञ्चालन गरिएको थियो । त्यो कार्यक्रम केही वर्षपछि सुस्ताएको थियो । हानका जिल्लाध्यक्ष प्रह्लाद प्याकुरेलले उक्त कार्यक्रमलाई पुनः सञ्चालन गर्न लागिएको बताए । उनले जिल्लाको कृषि र पर्यटनलाई जोड्ने उद्देश्यका साथ डेढ दशकपछि 'सुन्तला-हाइकिङ' कार्यक्रम पुनः सञ्चालनमा ल्याइने बताए ।

डेढ दशकअघि सन् २०१० को नोभेम्बरमा नेपाल पर्यावरण तथा पर्यटन जागरण आधारशीला (नेटिफ) ले नेपाल पर्यटन बोर्डको सहयोगमा नमोबुद्ध-बल्थली 'सुन्तला-हाइकिङ' कार्यक्रम आयोजना गरेको थियो । यसपटक पाँच वर्षपछि भएको हान काभ्रेपलाञ्चोक च्याप्टरको अधिवेशनसँगै कार्यक्रम ब्युँत्याइएको जनाइएको छ । जिल्लामा सुन्तलाखेतीको प्रचुर सम्भावना रहेकाले यसै सिजनमा नयाँ स्वरूपमा कार्यक्रम ब्युँत्याइने धुलिखेलस्थित होटल सारथीका प्रबन्ध निर्देशकसमेत रहनुभएका प्याकुरेलले बताए । क्रिसमसको दिन पारेर बिहीबार औपचारिक रूपमा कार्यक्रम सञ्चालनमा ल्याइने उनले जानकारी दिए ।

कार्यक्रमअन्तर्गत पदयात्रा मुख्यतया जिल्लाको पर्यटकीय क्षेत्र नमोबुद्धबाट बल्थलीसम्म 'रुट' तय गरिएको छ । पदयात्रीले पहेँलपुर सुन्तला बगैँचाको दृश्यावलोकन गर्दै यात्रा गर्न पाउनेछन् । साथै स्थानीय बगैँचाका बोटबाटै ताजा सुन्तलासमेत खान पाउनेछन् ।

यात्रामा नमोबुद्धको धार्मिक वातावरण र बल्थलीको प्राकृतिक सुन्दरताको अनुभव लिँदै बल्थलीस्थित लड्केश्वर महादेवस्थान परिसरको विश्वकै अग्लो त्रिशूललगायतका धार्मिक तथा पर्यटकीय विकासबारे अवलोकन गर्न सकिने जनाइएको छ । क्रिसमसको बिदाको दिन भएकाले पैदल यात्रामा पर्यटन व्यवसायी, उद्योगी, जनप्रतनिधि, सञ्चारकर्मी, कन्टेन्ट क्रियटर, जिल्लास्थित सुरक्षा निकायका प्रमुख, ट्राभल एजेन्सीलगायत कृषिसम्बद्ध पदाधिकारी गरी १०० भन्दा बढीको सहभागिता रहने आयोजकले जनाएको छ ।

यसपटकको प्रवर्द्धनात्मक 'सुन्तला हाइकिङ' को अनुभवले आगामी वर्षदेखि सुन्तलाको सिजन (नोभेम्बर र डिसेम्बर) मा एक महिनाकै ट्राभल प्याकेज बनाउने लक्ष्य लिएको हानले जनाएको छ । यसमा होटल-रिसोर्टका ट्यारिफमा विशेष छुट्का साथै अन्य आकर्षण थप्ने योजना बनाएको छ । आगामी वर्षदेखि सुन्तला सिजनमा कम्तीमा एक हजार जना पर्यटक काभ्रेपलाञ्चोक आउने र 'सुन्तला हाइकिङ' मा रमाउने गरी व्यवस्थापन गर्ने तयारी हुने हानले जनाएको छ । यसबाट स्थानीय होटल, रिसोर्ट, होमस्टे र कृषि क्षेत्रलाई प्रत्यक्ष लाभ पुग्ने अपेक्षा गरिएको छ । करिब डेढ सयमध्ये हाल जिल्लामा ३२ वटा स्तरीय होटल तथा रिसोर्ट हानमा आबद्ध छन् ।

यसैबीच जिल्ला कृषि विकास कार्यालयले यसवर्ष काभ्रेपलाञ्चोकमा सुन्तला उत्पादन १० देखि १५ प्रतिशतसम्म बढ्नसक्ने प्रक्षेपण गरेको छ । गतवर्ष भने बाढीपहिरोका कारण जिल्लाको सुन्तला उत्पादनमा करिब सात प्रतिशतले गिरावट भएको थियो । हाल सुन्तला पकेट क्षेत्रमा उत्पादनको लगत लिने काम भइरहेको कार्यालय प्रमुख कुलप्रसाद दवाडीले जानकारी दिए । उनका अनुसार प्रारम्भिक लगतका हिसाबले गत वर्षकाभन्दा १० देखि १५ प्रतिशतसम्म सुन्तला उत्पादन बढ्नसक्ने प्रक्षेपण गरिएको हो ।

कार्यालयका अनुसार जिल्लामा विसं २०८१ मा सात हजार ५०० मेट्रिकटन सुन्तला उत्पादन हुने प्रक्षेपण गरिए पनि बाढीपहिरोका कारण बगैँचामा क्षति पुऱ्याउँदा ५०० मेट्रिकटन गिरावट भएको थियो । जिल्लाको कुल क्षेत्रफलमध्ये करिब एक हजार ३०० हेक्टर अर्थात् करिब ३० हजार रोपनी क्षेत्रफलमा सुन्तला खेती हुँदै आएको छ । यस वर्ष भने करिब आठ हजार मेट्रिकटन सुन्तला उत्पादन हुने जनाइएको छ । *रासस*

उपभोक्ता अधिकारको संरक्षण गरौं

- गुणस्तरीय वस्तु तथा सेवा प्राप्त गर्ने उपभोक्ताको अधिकारको रक्षा गरौं ।
- कारोबारमा बिल/बीजक लिने र दिने गरौं, कारोबारलाई पारदर्शी बनाऔं ।
- नाफाको उद्देश्यले झुट्टा, भ्रमपूर्ण विज्ञापन तथा सूचना नदिऔं ।
- वस्तु/सेवाको मूल्य, मात्रा, म्याद सकिने मिति, गुणस्तर एकिन गरेर मात्र खरिद बिक्री गरौं ।
- वस्तु वा सेवाको प्रयोगबाट कुनै हानि, नोक्सानी भए स्थानीय प्रशासनमा उजुरी गरौं ।
- वस्तु तथा सेवाको प्रयोगबाट क्षति पुगे क्षतिपूर्ति मागौं ।
- निष्पक्ष तथा तथ्यपरक सूचना पाउने उपभोक्ता अधिकारको रक्षा गरौं ।
- भ्रमपूर्ण विज्ञापन तथा सूचनाको कारण उपभोक्ता ठगिएमा विज्ञापनबोर्डमा उजुरी गरौं ।

नेपाल सरकार
विज्ञापन बोर्ड

अब मात्र एक क्लिकमा...
www.prabhabonline.com
facebook www.facebook.com/Prabhab Online
प्रभाव दैनिक

प्रभाव पब्लिकेसन प्रा.लि.द्वारा प्रकाशित मुद्रणः एक्प्रेस कलर प्रेस, कार्यालयः काठमाडौं-७, सिफल, नेपाल फोन नं.: ०१-४३७३५७७, ०१-४५८४३६८, इमेलः prabhabdailynews@gmail.com, विज्ञापनका लागिः marketing2prabhab@gmail.com, प्रबन्ध निर्देशकः कृष्ण कार्की, सम्पादकः विष्णु तामाङ